

# नेपालमा वैदेशिक लगानी

## अवरोध र सम्भावना

## स्वीकृति

© २०२३ नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) टेकु, काठमाडौं, नेपाल
इमेलः fncci@fncci.org

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को रेगुलर बजेट सप्लिमेन्ट्री एकाउन्ट (RBSA) प्रोजेक्टको सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) द्वारा यो प्रतिवेदन प्रकाशन गरिएको हो । तर यहाँ व्यक्त विचारले ILO को प्रतिनिधित्व गर्दैनन् ।

## सर्वाधिकार र अनुमति

यस प्रतिवेदनमा उल्लेखित विषयलाई प्रष्ट पार्न तथा छरितो बनाउन सम्पादन गर्ने अधिकार FNCCI मा रहनेछ । FNCCI ले यो प्रतिवेदनलाई साभार गर्न, प्रकाशन तथा प्रसारण गर्न पनि सक्नेछ ।

## स्रोत उल्लेख

एफएनसीसीआई (२०२३) । नेपालमा वैदेशिक लगानी, अवरोध र सम्भावना ।

नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

P.O. Box : 269
Sahid Sukra
FNCCI Milan Marg, Pachali
Teku, Kathmandu, Nepal
Tel. : 4262061, 4262218, 4266889
Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np
http://www.fncci.org

## अध्यक्षको मन्तव्य

नेपालमा वैदेशिक लगानीः अवरोध र सम्भावना विषयक अध्ययन प्रतिवेदन यहांहरूसमक्ष प्रस्तुत गर्न पाउंदा मलाई अत्यन्त खुशी लागेको छ । नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) ले तयार पारेको यस प्रतिवेदनले नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) को व्यापक अध्ययन गरी त्यसको सम्भावना र अवरोधहरु केलाएको छ ।

नेपालमा वैदेशिक लगानी आकर्षणमा देखिएका बाधा तथा सम्भावनाहरूमाथि प्रकाश पार्दै यस प्रतिवेदनले वैदेशिक लगानीको हालको अवस्थाको सूक्ष्म अध्ययन गरेको छ । नेपालको औद्योगिक बृद्धिका लागि विदेशी लगानीको महत्वलाई आत्मसात गर्दै यस अध्ययनले एफडीआई आप्रवाहमा उल्लेख्य बृद्धि गर्न कार्यान्वयनमा रहेका नीति तथा कार्यक्रम के-कति प्रभावकारी छन् भन्नेबारे विश्लेषण गरिएको छ । नेपालमा एफडीआई बढाउन र त्यसको दिगोपन सुनिश्चित गर्न यसले विशेष प्रकारको नीतिगत सुझाव समेत प्रस्तुत गरेको छ । प्रत्यक्ष विदेशी लगानीसंग सम्बन्ध राख्ने वर्तमान नीति नियमलाई अझ राम्रोसंग बुझ्न र तिनमा सुधारका क्षेत्र पहिल्याउन नीति निर्माता र सरोकारवालाका लागि यस प्रतिवेदनले महत्वपूर्ण सहयोग गर्नेछ । यसले सुझाएका नीतिगत हस्तक्षेपहरूको कार्यान्वयन गर्न सके नेपालले लगानीको वातावरणलाई अझ अनुकूल बनाउन, अझ बढी विदेशी लगानी भित्र्याउन र त्यसबाट आर्थिक वृद्धिमा टेवा दिन सक्ने हाम्रो विश्वास छ ।

यस प्रतिवेदनले नेपालमा सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्यलाई थप सुदृढ पार्ने कुरामा म विश्वस्त छु। प्रस्तुत दस्तावेज सरकार तथा नीति निर्माताहरुका लागि पनि आगामी दिनमा नीति तथा कार्यक्रम तय गर्न एक महत्वपूर्ण आधारपत्र हुने विश्वास लिएको छु। महत्वपूर्ण सहयोगका लागि अन्तराष्ट्रिय श्रम संगठन (ILO) नेपाल कार्यालयप्रति आभार व्यक्त गर्दछु ।

**(चन्द्र प्रसाद ढकाल)**
अध्यक्ष

मिति २०८०/११/१४

# नेपाल उद्योग वाणिज्य महासंघ
# Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI

## धन्यवाद मन्तव्य

नेपालका लागि प्रत्यक्ष वैदेशिक लगानी आकर्षणसम्बन्धी अध्ययन प्रतिवेदन नेपालमा वैदेशिक लगानीः अवरोध र सम्भावना को प्रकाशनका लागि गरिएको उत्कृष्ट प्रयासका लागि म हार्दिक आभार व्यक्त गर्दछु । यस परियोजनामा संलग्न प्रत्येक सदस्यको कडा मिहिनेत, सहकार्य र लगावका कारण आज यो विशेष प्रतिवेदन हाम्रो हातमा आइपुगेको छ ।

नेपालमा वैदेशिक लगानीका विषयमा अध्ययन गरी त्यसको प्रतिवेदन ल्याउने नेपाल उद्योग वाणिज्य महासंघको योजनालाई सहयोग गर्ने अन्तराष्ट्रिय श्रम संगठन (ILO) प्रति हामी आभार व्यक्त गर्दछौं । अध्ययन प्रतिवेदनमा आफना गहनतम सल्लाह सुझाव दिई सहयोग गर्ने महासंघका सदस्य वस्तुगत संघहरू र तीनका नेतृत्वको सहयोग मुल्यवान रहयो । नेपालमा प्रत्यक्ष विदेशी लगानीका साथै त्यसको दिगोपन बढाउन यसले महत्वपूर्ण सुझाव सिफारिस गर्दै यस क्षेत्रको विकासका लागि एक मार्गचित्र प्रस्तुत गर्नेछ । प्रतिवेदनले नीति निर्माता तथा सरोकारवालाहरूलाई मार्गदर्शन गर्ने हाम्रो विश्वास छ ।

मुलुकभित्र लगानीको वातावरण निर्माणमा प्रस्तुत अध्ययन प्रतिवेदन सहयोगी हुने मैले ठानेको छु । यस कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा संलग्न हुनुहुने सबैलाई उहांहरूको परिश्रम, सहयोग र समर्पणका लागि पुनः एक पटक धन्यवाद । नेपालको प्रत्यक्ष वैदेशिक लगानी परिदृश्यमा यस प्रतिवेदनले सकारात्मक प्रभाव पार्नेमा म विश्वस्त छु । प्रस्तुत अध्ययन प्रतिवेदन ल्याउन सल्लाह सुझाव र उत्साह दिनुहुने महासंघका अध्यक्षज्यू, वरिष्ठ उपाध्यक्षज्यू,पदाधिकारीज्युहरुप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत प्रतिवेदनको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण सल्लाह सुझाव दिएर सहयोग गर्नुहुने महासंघका महानिर्देशक गोकर्ण राज अवस्थी,अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) नेपाल कार्यालयका राष्ट्रिय कार्यक्रम निर्देशक सौरभराम जोशीलाई धन्यवाद दिन चाहन्छु । अध्ययन प्रतिवेदनको तयारी कार्यलाई समयमै सम्पन्न गर्न आफनो टिमका साथ निरन्तर खट्नुभएका वरिष्ठ परामर्शदाता डा. अनुज तिवारीप्रति म धन्यवाद दिन चाहन्छु । यस कार्यमा महत्वपूर्ण सहयोग गर्नुभएका महासंघका उपनिर्देशक विदुरचन्द्र लामिछाने र मुख्य वित्त अधिकृत ब्रजेश बर्मा धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा प्रतिवेदनले औल्याएका चुनौती तथा सुझावहरुको अक्षरश कार्यान्वयनका लागि नेपाल सरकारमा आग्रह समेत गर्दछु ।

**(हेमराज ढकाल)**
सभापति,
वस्तुगत परिषद् एवं उपाध्यक्ष, नेउवामहासंघ


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION. Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour

http://www.fncci.org

# विषयसूची


संक्षिप्त शब्दको सूची ७

शब्दसूची ८

तालिका तथा चित्रसूची ९

कार्यकारी सारांश १०

मुलुकको परिचय ११

समष्टिगत आर्थिक परिसूचक १२

१. परिचय १३

१.१ नेपालमा प्रत्यक्ष विदेशी लगानीको महत्व १४

१.२ नेपालमा प्रत्यक्ष विदेशी लगानीका अवसरहरू १५

२. उद्देश्यहरू १७

३. अध्ययन पद्धति १७

४. नेपालमा प्रत्यक्ष विदेशी लगानीको अवस्था १८

४.१ प्रत्यक्ष विदेशी लगानी प्राप्तिको प्रवृत्ति २०

४.२ प्रत्यक्ष विदेशी लगानी फिर्ताको अवस्था २२

४.३ विदेशी लगानी प्रतिबन्ध सूची २३

४.४ सरकारी पहलहरूको विश्लेषण २४

५. प्रत्यक्ष विदेशी लगानी आप्रवाहका बाधाहरू २९

५.१ प्रत्यक्ष विदेशी लगानीका पूर्वसर्तहरू २९

५.२ प्रत्यक्ष विदेशी लगानी आकर्षणमा देखिएका चुनौतीहरू २९

६. प्रत्यक्ष विदेशी लगानीका प्रमुख गन्तव्य र उनीहरूका प्रमुख आकर्षणका तत्वहरू ३५

७. सुझावहरू ३७

अनुसूची ४४

सन्दर्भ टिप्पणी ४८

## संक्षिप्त शब्दसूची

| | |
|---|---|
| बिमस्टेक : | बे अफ बंगाल इनिसिएटिभ फर मल्टिसेक्टोरल टेक्निकल एन्ड इकोनोमिक कोअपरेसन (बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको पहल) |
| बीपीओ : | बिजनेस प्रोसेस आउटसोर्सिङ (व्यावसायिक प्रक्रिया आउटसोर्सिङ) |
| डीओआई : | डिपार्टमेन्ट अफ इन्डस्ट्री (उद्योग विभाग) |
| ईएमटी : | इकोलोजिकल मोडर्नाइजेसन थियरी (पारिस्थितिक आधुनिकीकरण सिद्धान्त) |
| एफडीआई : | फरेन डाइरेक्ट इन्भेस्टमेन्ट (प्रत्यक्ष विदेशी लगानी) |
| फिट्टा : | फरेन इन्भेस्टमेन्ट एन्ड टेक्नोलोजी ट्रान्सफर एक्ट (विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन) |
| जीडीपी : | ग्रस डोमेस्टिक प्रडक्ट (कुल गार्हस्थ उत्पादन) |
| आईबीएन : | इन्भेस्टमेन्ट बोर्ड नेपाल (लगानी बोर्ड नेपाल) |
| आईसीटी : | इन्फर्मेसन एन्ड कम्युनिकेसन टेक्नोलोजी (सूचना तथा सञ्चार प्रविधि) |
| आईआरडी : | इनल्यान्ड रेभेन्यु डिपार्टमेन्ट (आन्तरिक राजस्व विभाग) |
| आईपीए : | इन्भेस्टमेन्ट प्रमोसन एजेन्सी (लगानी प्रवर्द्धन निकाय) |
| आईपी : | इन्टेलेक्चुअल प्रोपर्टी (बौद्धिक सम्पत्ति) |
| केआईआई : | की इन्फर्मान्ट इन्टरभ्यू (मुख्य सूचनादाता अन्तरवार्ता) |
| केभी : | किलोभोल्ट |
| एलडीसी : | लिस्ट डेभलप्ड कन्ट्री (अतिकम विकसित मुलुक) |
| एलओआई : | लेटर अफ इन्टेन्ट (आशयपत्र) |
| एनबीसी : | न्युक्लियर, बायोलोजिकल अर केमिकल वेपन्स (आणविक, जैविक तथा रसायनिक हतियार) |
| एनआईएस : | नेपाल इन्भेस्टमेन्ट समिट (नेपाल लगानी सम्मेलन) |
| एनपीआर : | नेपाली रुपिज (नेपाली रुपैयाँ) |
| एनआरबी : | नेपाल राष्ट्र बैंक |
| ओसीआर : | अफिस अफ द कम्पनी रजिस्ट्रार (कम्पनी रजिष्ट्रारको कार्यालय) |
| ओएसएससी : | वन स्टप सर्भिस सेन्टर (एकल विन्दु सेवा केन्द्र) |
| पान : | पर्मानेन्ट अकाउन्ट नम्बर (स्थायी लेखा नम्बर) |
| पीडीआर : | पिपल्स डेमोक्र्याटिक रिपब्लिक (जनवादी प्रजातान्त्रिक गणतन्त्र) |
| पीपीपी : | पब्लिक प्राइभेट पार्टनरसिप (सार्वजनिक निजी साझेदारी) |
| आरएनडी : | रिसर्च एन्ड डेभलपमेन्ट (अनुसन्धान र विकास) |
| सार्क : | साउथ एसियन एसोसिएसन फर रिजनल कोअपरेसन (दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन) |
| साफ्टा : | साउथ एसियन फ्री ट्रेड एरिया (दक्षिण एशियली स्वतन्त्र व्यापार क्षेत्र) |
| सेज : | स्पेसल इकोनोमिक जोन (विशेष आर्थिक क्षेत्र) |
| अंकटाड : | युनाइटेड नेसन्स कन्फ्रेन्स अन ट्रेड एन्ड डेभलपमेन्ट (व्यापार र विकासका लागि संयुक्त राष्ट्र संघीय सम्मेलन) |
| यूएसए : | युनाइटेड स्टेट्स अफ अमेरिका (संयुक्त राज्य अमेरिका) |
| भ्याट : | भ्यालु एडेड ट्याक्स (मूल्य अभिवृद्धि कर) |
| डब्ल्यूडीएल : | वर्क डे लस्ट (गुमेको कार्य दिन) |

# शब्दावली




### अटोमेटिक रुट (स्वचालित मार्ग)
विदेशी लगानीकर्ताहरूले सरकार वा नियामक निकायहरूबाट स्वीकृति नलिईकन कुनै निश्चित क्षेत्रहरूमा प्रत्यक्ष रूपमा लगानी गर्न सक्ने संयन्त्र ।

### कन्ट्राक्ट म्यानुफ्याक्चरिङ (करार उत्पादन)
अन्य उत्पादक वा निर्माताका लागि उत्पादन प्रक्रियाको कुनै निश्चित अंश वा सम्पूर्ण प्रक्रियाको आउटसोर्स गरी करार उत्पादक (कन्ट्राक्ट म्यानुफ्याक्चर)ले उत्पादन गरिदिने व्यावसायिक मोडल ।

### विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन
नेपालमा विदेशी लगानी सहजीकरण एवम् नियमन गर्न बनाइएको कानुनी प्रारूप ।

### लेबर प्रडक्टिभिटी (श्रम उत्पादकत्व)
वस्तु र सेवाहरूको उत्पादनमा योगदान पुऱ्याउने श्रमको प्रभावकारिता र दक्षता ।

### नेगेटिभ लिस्ट (प्रतिबन्धित सूची)
विदेशी लगानीका लागि पूर्ण निषेधित वा आंशिक अवरोध लगाइएका क्षेत्र, गतिविधि वा उत्पादनहरूको सूची ।

### संरक्षणवाद
स्वदेशी उद्योग तथा व्यवसायको संरक्षण गर्न आयात व्यापारमा प्रतिबन्ध लगाउने आर्थिक नीति ।

### सेज (विशेष आर्थिक क्षेत्र)
आर्थिक विकास, रोजगारी सिर्जना र निर्यात प्रवर्द्धन गर्न विदेशी एवम् स्वदेशी लगानी विशेष रूपमा आकर्षित गर्न व्यवसाय र व्यापारका लागि थप अनुकूल वातावरण रहेको निश्चित व्यावसायिक क्षेत्र ।

### भायबिलिटी ग्याप फन्डिङ
आर्थिक रूपमा सम्भाव्य तर वित्तीय सम्भाव्यता कम भएका परियोजनालाई सघाउने नीति ।

### इकोमोडर्निज्म (पर्याआधुनिकतावाद)
आर्थिक वृद्धिलाई वातावरणीय असरबाट अलग गरेर प्रकृतिको संरक्षण गर्ने र आमजनताको कल्याणमा सुधार गर्ने खालको प्राविधिक विकासको पक्षपोषण गर्ने दर्शन ।

### पिक एन्ड सभेल लगानी
अन्तिम प्रडक्टको साटो वस्तु वा सेवाको उत्पादनका लागि आवश्यक प्रविधिमा लगानी गर्ने रणनीति ।

# तालिका र चित्रसूची

**तालिकाहरू**


तालिका १ : लाभांश फिर्ता (रिपाट्रिएसन)
तालिका २ : मुख्य क्षेत्रमा रहेको कुल विदेशी लगानी
तालिका ३ : भन्सार दर, लागु भएको, भारित औसत, सबै उत्पादन (%)
तालिका ४ : प्रतिघण्टा कार्य जीडीपी (अतिकम विकसित मुलुकबाट स्तरउन्नतिहुने देशहरु निलोमा)
तालिका ५ : रोजगारीमा उद्योगहरुको योगदान
तालिका ६ : जीडीपी मा क्षेत्रगत योगदान (%)


**चित्रहरू**


चित्र १ : प्रत्यक्ष विदेशी लगानीको कुल आप्रवाह (जीडीपीको %)
चित्र २ : नेपालमा प्रत्यक्ष विदेशी लगानी स्टकको प्रवृत्ति (रु. अर्बमा)
चित्र ३ : कुल प्रत्यक्ष विदेशी लगानी स्टकमा मुख्य मुलुकहरूको हिस्सा
चित्र ४ : कुल प्रत्यक्ष विदेशी लगानी आप्रवाह
चित्र ५ : नेपालमा विदेशी लगानी स्वीकृति र कार्यान्वयन
चित्र ६ : स्वीकृत गरिएकोमध्ये वास्तविक विदेशी लगानी प्रतिशत

# कार्यकारी सारांश

आर्थिक वर्ष २०७९/८० को विदेशी लगानी आप्रवाह कुल ग्रार्हस्थ्य उत्पादनको ०.२ प्रतिशत मात्रै छ । लगानीको प्रतिवद्धता भए पनि वास्तविक लगानी एक तिहाई मात्रै हुने गरेको छ । जब कि यहाँ सञ्चालित अधिकांश बहुराष्ट्रिय कम्पनीहरु सन्तोषजनक रुपमा चलिरहेका छन् । यस परिप्रेक्षमा लगानीका सम्भावना र अवरोध पहिचान यस प्रतिवेदन मार्फत गरिएको हो ।

अर्थतन्त्रहरूलाई विश्वबजारसँग एकीकृत गरी उत्पादकत्वलाई प्रोत्साहन गरेर विकासको गति बढाउनमा प्रत्यक्ष विदेशी लगानी (एफडीआई) ले महत्वपूर्ण भूमिका खेल्छ । नेपालको हकमा, सन् २०३० सम्ममा रेमिट्यान्समाथिको निर्भरता कम गर्दै मध्यम आयको स्थिति हासिल गर्न बलियो आर्थिक वृद्धि आवश्यक देखिएको छ । नेपालमा प्रतिबद्धता गरिएको कुल विदेशी लगानी रकमको तुलनामा वास्तविक आप्रवाह उल्लेख्य रूपमा निरन्तर घट्दै गएको छ । सन् १९९५/९६ देखि २०२१/२२ को अवधिमा औसत एफडीआई अप्रवाह प्रतिबद्धता जनाइएको रकमको मात्र ३६.२ प्रतिशत थियो । लगानी कार्यान्वयन नहुनु र स्वीकृतिका लागि लामो प्रक्रिया र समय लाग्नु जस्ता कारणले यस्तो अवस्थाको सिर्जना भएको थियो ।

नीतिगत परिवर्तन र बढ्दो प्रत्यक्ष विदेशी लगानी(एफडीआई) अप्रवाहका बाबजुद कैयौं अवरोध कायम छन्, जसले अपेक्षित रूपमा लगानी आउन दिएका छैनन् । नेपालमा एफडीआईको आप्रवाहको विस्तृत अध्ययन गर्ने, हालका सरकारी नीतिहरूको प्रावकारिता परीक्षण गर्ने, एफडीआईका अवरोधहरू पहिचान गर्ने र नीतिगत सुधारका लागि सुझाव तयार गर्ने लक्ष्य अध्ययनले लिएको छ ।

यस अध्ययनमा मिश्रित अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ, जसमा प्राथमिक र माध्यमिक विधि अपनाइएको छ । मुख्य सूचनादाता अन्तर्वार्ता (केआईआई) तथा सम्बन्धित सरोकारवालाहरूको परामर्शले यसमा बहुमूल्य अन्तर्दृष्टि प्रदान गरेको छ । माध्यमिक अनुसन्धानअन्तर्गत विभिन्न ऐनलगायत नेपालमा प्रत्यक्ष विदेशी लगानी नियमन र सहजीकरण गर्ने मुख्य कानुनी उपकरणहरूको गहन विश्लेषण छ ।

विश्वव्यापी रूपमा नेपालको प्रतिस्पर्धात्मक क्षमता बढाउन सरकारले विभिन्न पहल लिएको छ । प्रत्यक्ष विदेशी लगानी (एफडीआई) आकर्षण गर्नमा नेपालको प्रचुर सम्भावना भए पनि थप अनुकूल वातावरण सिर्जना गर्न सम्बोधन गर्नैपर्ने केही ठूला चुनौती यहाँ छन् । स्वीकृति प्रक्रियामा रहेका जटिलता, कन्ट्रचाक्ट म्यानुफ्याक्चरिङमा प्रतिबन्ध, बौद्धिक सम्पत्तिबारेको चासो, कर्मचारीतन्त्रले सिर्जना गर्ने अप्ठ्यारा, उच्च उत्पादन लागत, श्रम उत्पादकत्वका समस्या र पूर्वाधारसँग जोडिएका चुनौती यस्ता अवरोध हुन्, जसले नेपाल भित्रिने एफडीआईको प्रवाहमा बाधा पुऱ्याउँछन् ।

अहिले कार्यान्वयनमा रहेको एकद्वार सेवा केन्द्र (ओएसएससी) ले प्रक्रियाहरूको सरलीकरणमा फड्को मारेको छ । तर त्यसलाई अझै प्रभावकारी बनाउन अझै ठोस सुधारको खाँचो देखिएको छ । कागजातको तयारीमा सहजता, सशक्त एवम् सुसूचित प्रतिनिधि र सम्बन्धित सम्पूर्ण विभागहरूको पूर्ण सहभागिता समावेश गरी निर्माण गरिएको एक विस्तृत रणनीतिमार्फत ओएसएससीको प्रभावकारिता उल्लेख्य रूपमा बढाउन सकिन्छ ।

यससँगै, कर्मचारीतन्त्रबाट सिर्जना हुने झन्झट, नीति कार्यान्वयनमा हुने अस्थिरता र उत्पादनको उच्च लागत जस्ता विषयलाई सम्बोधन गरेर मात्र व्यवसायमैत्री वातावरण निर्माण गर्न सकिन्छ । उद्योग विभाग र लगानी बोर्ड नेपालका भूमिका र जिम्मेवारीहरूको प्रस्ट बाँडफाँट र वित्तीय तथा मानव स्रोतमा वृद्धि गर्न सके पनि एफडीआई परियोजनामा अझ राम्रो सहजीकरण हुन सक्छ ।

डिजिटल पूर्वाधार, लगानी प्रवर्द्धन र वास्तविकतामा आधारित नीति निर्माणमा ध्यान दिने हो भने सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । विषयगत मन्त्रालयहरूबीचको समन्वयलाई अझ बलियो र प्रभावकारी बनाउने अनि लगानीका प्राथमिक क्षेत्रहरूको पहिचान गर्ने जस्ता कार्यले अझ रणनीतिक र कुशल कार्यशैली अपनाउन मद्दत गर्नेमा शंका छैन ।

अहिलेको अवस्थाबाट अगाडि बढ्न नेपालले एफडीआईका वातावरणीय सरोकारमा ध्यान पुऱ्याउनुपर्छ, प्राविधिक स्पिलओभरबाट लाभ लिन सक्नुपर्छ, एफडीआई र संरक्षणवादबीच सन्तुलन बनाउन सक्नुपर्छ र भायबिलिटी ग्याप फन्डिङको आवश्यकतालाई पहिचान गरी त्यसमा सहजीकरण पनि गर्नुपर्छ ।

सारांशमा, यस्ता चुनौतीहरूलाई व्यवस्थित रूपमा सम्बोधन गर्न सरकार र सम्बन्धित सरोकारवालाहरूबीच एक विस्तृत र संयोजनकारी प्रयासको खाँचो देखिएको छ । यहाँ प्रस्तुत गरिएका सुझावले विदेशी लगानीकर्तासमक्ष नेपाललाई एक आकर्षक लगानीको गन्तव्यका रूपमा प्रस्तुत गर्ने र दिगो आर्थिक वृद्धिको प्रवर्द्धन गर्ने सम्बन्धमा एक मार्गचित्र प्रस्तुत गरेका छन् । रणनीतिक सुधार र लक्षित पहलहरूमार्फत नेपालले आफूलाई एफडीआएको एक उत्तम गन्तव्यका रूपमा प्रस्तुत गर्न सक्छ र त्यसमार्फत आर्थिक सम्भावना उजागर गर्ने र दीर्घकालीन समृद्धि हासिल गर्ने दिशामा अगाडि बढ्न सक्छ ।

# देशसम्बन्धी जानकारी

**भौगोलिक अवस्थिति**
दक्षिण एसिया

**क्षेत्रफल**
१,४७१८१ वर्ग कि.मि.

**उचाई**
६० देखि ८,८४८.८६ मिटर

**जनसंख्या**
२ करोड ९१ लाख
(२०७८ सालको जनगणनाअनुसार)

**जलवायु**
तराई (समउष्ण), पहाडी (मध्यम), हिमाली क्षेत्र (समशीतोष्ण/शीतोष्ण)

**शासन व्यवस्था**
संघीय (सात प्रदेश)

**सरकारको स्वरूप**
संघीय गणतन्त्र (बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था, संसद्प्रति जवाफदेही हुने कार्यकारी प्रमुखका रूपमा निर्वाचित प्रधानमन्त्री रहने)

**निकटका बन्दगाह**
कोलकातादेखि वीरगन्जः ७३९.४ किमि
कोलकातादेखि काठमाडौं: ९३८ किमि
विशाखापट्टनमदेखि वीरगन्जः १,४७०.६ किमि
विशाखापट्टनमदेखि काठमाडौं: १,६६९.१ किमि

स्रोतः
नेपाल इन्भेस्टमेन्ट गाइड २०२१, लगानी बोर्ड नेपाल

# समष्टिगत आर्थिक सूचक

**आर्थिक वृद्धिदर**
आर्थिक वर्ष २०७९/८० मा १.८६ प्रतिशत
(प्रारम्भिक अनुमान)


**कुल विदेशी मुद्रा सञ्चिति**
रु. १६ खर्ब ४३ अर्ब
(असोज मसान्त २०८०)

**खुद प्रत्यक्ष विदेशी लगानी**
रु. ५.९६ अर्ब
(आव २०७९/८०)

**भुक्तानी सन्तुलन (बीओपी)**
रु. २९०.५२ अर्ब (२०७९/८०)

**वार्षिक औसत मुद्रास्फीति**
७.७४५
(२०७९/८०)

**क्षेत्रगत जीडीपी संरचना (२०७९/८०)***




स्रोत : देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, नेपाल राष्ट्र बैंक (आव २०७८/७९ को वार्षिक तथ्यांकमा आधारित)

# १. परिचय

प्रत्यक्ष विदेशी लगानी (एफडीआई) ले विकासलाई सहयोग गर्नमा बहुआयामिक भूमिका खेल्छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (फिट्टा) ले ९ प्रकारका विदेशी लगानीलाई परिभाषित गरेको छ भने त्यस्तो लगानी स्वीकृत गर्ने निकाय पनि तोकेको छ (अनुसूची २ र ३ हेर्नुहोस्) । यसले विकासशील अर्थतन्त्रहरूलाई विश्वव्यापी बजारहरूसँग जोड्न सहयोग गर्छ भने प्रतिस्पर्धाको प्रवर्द्धन गर्दै ज्ञानको सीमापार प्रवाहको सहजीकरणमार्फत उत्पादकत्व सुधारलाई प्रोत्साहित गर्दछ ।

सन् २०३० सम्ममा मध्यम आयको स्थितिमा पुग्ने लक्ष्य हासिल गर्न नेपाल सरकारले बलियो आर्थिक वृद्धिलाई उत्प्रेरित गर्नुपर्छ । विगत एक दशकमा ४.५ प्रतिशतको औसत वृद्धिदर हासिल गरे पनि नेपाली अर्थतन्त्र विस्तारका लागि विप्रेषणमा भर पर्नुपरेको छ । यद्यपि सरकारले तोकेका महत्वाकांक्षी विकास लक्ष्य हासिल गर्न आवश्यक उच्च वृद्धि दर हासिल गर्न हालको रेमिट्यान्स-केन्द्रित यो ढाँचा अपर्याप्त सावित भएको छ । यी आकांक्षा पूरा गर्न विश्वव्यापी अर्थतन्त्रसँग अझै एकाकार हुनुका साथै व्यापार र लगानीमा व्यापक वृद्धिको रणनीति आवश्यक देखिएको छ ।

यस सन्दर्भमा प्रत्यक्ष विदेशी लगानीले नेपालको अर्थतन्त्रलाई बलियो बनाउन ठूलो भूमिका खेल्न सक्छ । नेपालमा विगतका वर्षहरूमा एफडीआई आप्रवाहमा क्रमशः सुधार आएको छ । विभिन्न ऐन र नियमहरूद्वारा संस्थागत र नीतिगत तहमा भएका सुधारमार्फत नेपालले केही हदसम्म लगानी आकर्षित गर्न सकेको छ। यद्यपि अपेक्षित स्तरमा एफडीआई आप्रवाह बढाउने सन्दर्भमा भने अझै पनि ठूलै बाधा छन् ।

गत आवको पहिलो चार महिनामा विदेशी लगानीका ९५ उद्योग दर्ता भएका थिए भने चालु आवको सोही अवधिमा १७८ उद्योग दर्ता भएका छन् ।



# नेपालमा प्रत्यक्ष विदेशी लगानीको छोटो इतिहास


नेपालमा विदेशी लगानी प्रवर्द्धन गर्ने प्रयासको सुरुवात छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) देखि भएको हो । पर्यटक आगमनको संख्या बढाउने उद्देश्यले विदेशी लगानीका सम्बन्धमा उदार नीति ल्याउने कुरा सो योजनामा उल्लेख छ ।[२] नेपाल कमर्सियल कर्पोरेसनको स्थापनासँगै सन् १९५१ मा प्रत्यक्ष विदेशी लगानी (एफडीआई) बाट आधिकारिक पुँजी यहाँ भित्रिएको थियो । खासमा यो संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) उद्योग थियो, जसमा भारतीय लगानीकर्ताहरूको ६७ प्रतिशत हिस्सा थियो ।

त्यस बेलाको नियामक ढाँचाले मझौला उद्योगमा ५० हजारदेखि ५ लाखसम्मको विदेशी लगानीलाई अनुमति दिएको थियो भने ठुला उद्योगको हकमा ५ लाखभन्दा बढीको लगानी स्वीकृत गरिएको थियो ।[३] मुलुकमा एफडीआई आकर्षित गर्न नेपालले उदारीकरणको नीति अनुसरण गर्न थाल्यो भने लगानीमैत्री वातावरण स्थापना गर्न आर्थिक सुधारको जग हाल्ने कार्यको थालनी गर्‍यो । त्यसपछि सन् १९९२ मा सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (फिट्टा)[४] जारी गरेर त्यस दिशामा पहिलो कदम चाल्यो । पछि सन् २०१९ मा आएर यो ऐनमा केही महत्वपुर्ण र समसामयिक परिवर्तनहरू गरिएको छ ।[५]

## १.१ नेपालमा प्रत्यक्ष विदेशी लगानीको महत्व

आर्थिक रूपान्तरणका लागि प्रयास गरिरहेको नेपालका लागि एफडीआई आकर्षित गर्नु र यहाँ लगानी भएको विदेशी लगानी फिर्ता जान नदिनु महत्वपुर्ण हुन्छ । भविष्यमा वृद्धिलाई प्रोत्साहित गर्ने यो एक प्रभावकारी उपाय पनि हो । यद्यपि, नेपालमा एफडीआई प्रवाहको हालको अवस्था समान अर्थतन्त्रहरूमध्ये सबैभन्दा न्युन देखिएको छ ।[६] विगतका दशकमा एफडीआईको कुल आप्रवाह बढेको भए तापनि यो प्रवृत्ति अस्थिर रहेको पाइएको छ । तर कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को अनुपातमा एफडीआईको कुल आप्रवाह नेपालका लागि अपेक्षाकृत रूपमा ज्यादै न्युन छ ।

> यो आर्थिक वर्षको पहिलो चार महिनामा १४०१ भिसा सिफारिस भएका छन् । जब कि गत वर्षको सोही अवधिमा ७ सय भिसा सिफारिस भएका थिए । साथै, चालु आर्थिक वर्षको पहिलो चार महिनामा रु. २१ अर्बको लगानी प्रतिबद्धता आएको छ ।[१]




चित्र १: एफडीआईको कुल आप्रवाह (जीडीपीको %)


विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुने समय नजिकिँदै गर्दा नेपालको अर्थतन्त्रमा एफडीआईको भुमिका अझै बढ्न गएको छ। आसन्न स्तरोन्नतिले नेपाललाई अतिकम विकसित मुलुकहरूले पाउने विभिन्न विकास फाइनान्सिङ र व्यापार सहुलियतसम्बन्धी सुविधा तथा अवसरबाट वञ्चित गर्नेछ। तैपनि स्तरोन्नतिको सम्भावनाले नेपाललाई अझै नयाँ अवसर पनि दिनेछ। फेल्डस्टेनले सन् २००० मा गरेको एक विस्तृत अध्ययनले विश्वव्यापी स्तरमा हुने पुँजीबजारको एकीकरणले कर्पोरेट सुशासन, लेखा सिद्धान्त र कानुनी आचरणमा उत्कृष्ट अभ्यासको हस्तान्तरण गर्न सहयोग गर्ने देखाएको छ।[७] त्यसैगरी, पुँजीको विश्वव्यापी गतिशीलताले सरकारलाई अझ राम्रा नीति निर्माण गर्न मार्गनिर्देश गर्न सक्छ र एफडीआईले घरेलु बजारमा तीव्र प्रतिस्पर्धाको प्रवर्द्धन गर्न सक्छ। एफडीआईले थप प्रतिस्पर्धी व्यावसायिक वातावरण बनाउन पनि प्रोत्साहित गर्छ, जसले प्राविधिक विस्तारलाई प्रवर्द्धन गर्छ भने मानव पुँजीको विकासमा समेत सहयोग गर्छ। यसले अन्तर्राष्ट्रिय व्यापार एकीकरणमा पनि योगदान गर्दछ र, उद्यम वृद्धिलाई बढावा दिन्छ।[८]

## १.२ नेपालमा प्रत्यक्ष विदेशी लगानीका अवसर

नेपालमा यस्ता अनेकौं अवसर छन्, जसले यसलाई लगानीको आकर्षक गन्तव्य बनाउँछन्। लगानीकर्ताको ध्यान खिच्ने केही प्रमुख तत्वहरूबारे यहाँ उल्लेख गरिएको छ।







### १. करको न्युन दर

विदेशी लगानीका लागि नेपाल आकर्षक हुनुको एउटा कारण करको न्युनतम दर हुन सक्छ। कर्पोरेट करका दरहरू यहाँ सञ्चालन हुने व्यवसायको प्रकृतिमा निर्भर हुन्छन् र सामान्यतया २५ देखि ३० प्रतिशतको दायरामा रहन्छन्।[९] साथै औद्योगिक व्यवसाय ऐनले आकर्षक कर छुटसहित मुनाफा प्राप्त हुने खालका प्रोत्साहन प्रस्ताव गरेको छ।[१०] नेपालले घरेलु र धेरै साना उद्यमबाहेक लगभग सबै क्षेत्रमा विदेशी लगानीलाई प्रोत्साहन गरेको छ र विदेशी लगानीकर्ताहरूले नेपाली लगानीकर्ताहरूसँग संयुक्त उद्यम (ज्वाइन्ट भेन्चर) वा शतप्रतिशत विदेशी स्वामित्वका रूपमा लगानी गर्न सक्छन्।

### २. रणनीतिक भुअवस्थिति

भारत र चीन जस्ता दुई ठुला अर्थतन्त्रको बीचमा रहेको नेपालको रणनीतिक भौगोलिक अवस्थितिले नेपाल व्यापार तथा पारवहनको सम्भावित हबका रूपमा विकसित हुने सम्भावना छ। लगानीकर्ताले यस्तो अवसरलाई क्षेत्रीय व्यापारमा सहभागी हुने वा उदाउँदा आर्थिक अवसरहरूबाट लाभ लिने जस्ता उद्देश्य पुर्तिका लागि उपयोग गर्न सक्छन्।

### ३. जलविद्युत्

अपार जलस्रोत रहेको नेपालमा जलविद्युतले ठुलो लगानीको सम्भावना बोकेको छ। उपलब्ध जलस्रोतका आधारमा गरिएको अध्ययनले नेपालसँग प्राविधिक रूपमा ८३ गिगावाट जलविद्युत् उत्पादनको सम्भावना रहेको देखाएको छ, जसमध्ये ४२ गिगावाट आर्थिक रूपमा उत्पादन गर्न सकिने बताइन्छ।[११] दक्षिण एसिया क्षेत्र र खासगरी भारतमा तीव्र रूपमा बढेको ऊर्जा मागले नेपालको जलविद्युत् परियोजनामा गरेको लगानीमा प्रतिफल सुनिश्चित हुने देखाउँछ।







### ४. पर्यटकीय सम्भावना

प्राकृतिक सौन्दर्यका साथै हिमालय शृङ्खला र सगरमाथालगायतका सम्पदाले नेपाललाई लोकप्रिय पर्यटकीय गन्तव्य बनाएका छन् । यहाँको पर्यटन उद्योगमा वृद्धिको उच्च सम्भावना छ र आतिथ्य, ट्राभल र सम्बन्धित सेवाहरू लगानीका लागि आकर्षक क्षेत्र हुन सक्छन् ।

### ५. व्यापार सम्झौताहरू

विभिन्न सम्झौता र सदस्यतामार्फत नेपालले आफुलाई विश्व व्यापार परिदृश्यमा खडा गरेको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को एक सदस्य र दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) को पक्ष राष्ट्रको हिसाबमा नेपालले अन्य सात सार्क सदस्य राष्ट्रहरूसँगै ५ हजार वस्तुहरूमा भन्सार दर घटाउने र सदस्यहरूबीच सौविध्यपुर्ण भन्सार दरको पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । साथै, बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको पहल (बिमस्टेक) को सदस्यताले खुला लगानी व्यवस्थालाई जोड दिँदै बृहत् स्वतन्त्र व्यापार क्षेत्र स्थापना गर्ने नेपालको प्रतिबद्धतालाई अझ घनीभुत बनाएको छ । यहाँ सम्झिनै पर्ने के छ भने, भारतसँग एकतर्फी भन्सार शुल्कमुक्त व्यापार व्यवस्थालाई बढावा दिँदै नेपालले संयुक्त राज्य अमेरिका, बेलायत, भारत र चीन जस्ता १७ देशसँग द्विपक्षीय व्यापार सम्झौताहरू पनि गरेको छ ।

### ६. मेडिकल पर्यटन

पछिल्लो समय मेडिकल पर्यटनले धेरैको ध्यान खिचेको छ । धेरै एसियाली देशहरूले चिकित्सा पर्यटनमा प्रतिवर्ष ३० % को वृद्धि हासिल गरिरहेका छन् ।

तर नेपालले त्यसबाट उचित लाभ लिन सकेको छैन ।[12] देशले चिकित्सा पर्यटकको आवश्यकता पुरा गर्न स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने प्रयास गरेको छ । धेरै विकसित देशको तुलनामा नेपालमा स्वास्थ्य सेवा सुपथ हुनु यहाँ पर्यटक आकर्षित हुनको एक प्रमुख कारण हो । नेपालमा चिकित्सा प्रक्रिया, उपचार र शल्यक्रियाको लागत निकै कम हुन सक्छ । त्यसकारण कम लागतमा गुणस्तरीय स्वास्थ्य सेवा खोज्ने व्यक्तिहरूका लागि नेपाल आकर्षक गन्तव्य बन्न सक्छ ।

# २. उद्देश्यहरू

प्रत्यक्ष विदेशी लगानी प्रभाव पार्ने विभिन्न आयामको व्याख्यामा जोड दिई नेपालमा एफडीआई प्रवाहको गहन परीक्षण गर्नु यस अध्ययनको समग्र उद्देश्य हो । त्यसका लागि यस अध्ययनलाई निम्न उद्देश्यहरूले मार्गनिर्देशन गरेका छन्–



नेपालमा प्रत्यक्ष विदेशी लगानी आकर्षण प्रवर्द्धनमा विद्यमान सरकारी नीतिहरूको प्रभावकारिताको मुल्यांकन गर्ने ।



नेपालमा प्रत्यक्ष विदेशी लगानीको प्रवाहमा अवरोध गर्ने निश्चित बाधा र चुनौतीहरूको पहिचान गर्ने ।



नेपालमा प्रत्यक्ष विदेशी लगानी बढाउन उचित नीतिगत सुझावको विकास गर्ने ।



प्रत्यक्ष विदेशी लगानी आकर्षणका लागि विश्वस्तरमा नेपालको प्रतिस्पर्धात्मक क्षमता सबल बनाउने उद्देश्यले रणनीति तयार गर्ने ।

# ३. पद्धति

यस अध्ययनले प्राथमिक र माध्यमिक अनुसन्धान विधिहरूको संयोजन गरी मिश्रित अनुसन्धान पद्धति अपनाएको छ । प्रारम्भिक अनुसन्धानमा मुख्य सुचनादाता अन्तर्वार्ता (केआईआई) र अध्ययनका क्रममा पहिचान गरिएका सम्बन्धित सरोकारवालाहरूसँगका परामर्श बैठक समावेश छन् ।

माध्यमिक अनुसन्धानमा एफडीआईबारे उपलब्ध सामग्रीको गहन समीक्षा गरिएको छ । नीति विश्लेषणका लागि निम्न आधारभुत सामग्रीलाई लिइएको थियो–

- सार्वजनिक नीजि साझेदारी तथा लगानी ऐन, २०७६
- औद्योगिक व्यवसाय ऐन, २०७३
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५
- विदेशी विनिमय नियमन ऐन, २०१९
- विशेष आर्थिक क्षेत्र ऐन, २०७३
- राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३

उल्लेखित सामग्रीको पुरकका रूपमा यस अध्ययनले प्रत्यक्ष विदेशी लगानी (एफडीआई) मा अन्तर्राष्ट्रिय मापदण्डहरूसँग तादात्म्य राखेका वा राख्न सक्ने दस्तावेजहरूको पनि विश्लेषण गरेको छ । प्राथमिक र माध्यमिक अनुसन्धान तथ्यांकको संकलनले नेपालको हालको एफडीआई परिदृश्यको विहंगम मुल्यांकन र परीक्षणमा सहजीकरण गरेको छ । यस विश्लेषणले एफडीआईको आप्रवाहमा बाधा पुऱ्याइरहेका चुनौती पत्ता लगाएको छ । त्यसपछि नेपालसँग तुलना गर्न मिल्ने अर्थतन्त्र र उनीहरूले पालना गरिरहेका उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासका आधारमा हामीले यस अध्ययनमा पहिचान गरिएका चुनौतीलाई सम्बोधन गर्न सक्ने व्यावहारिक सिफारिस तयार गरेका छौं । यो समग्र दृष्टिकोणले नेपालको एफडीआई परिदृश्य बारेको हाम्रो बुझाईलाई मात्र विस्तार गरेको छैन, विदेशी लगानीका लागि अझै अनुकुल वातावरण निर्माण गर्न व्यावहारिक र लागु गर्न सकिने उपाय पनि प्रस्तुत गरेको छ ।


### प्रतिवेदनका सीमा

फिट्टा ऐनले विभिन्न ९ प्रकारका विदेशी लगानीलाई समावेश गरेको छ (अनुसुची २ हेर्नुहोस्) । यो प्रतिवेदनले समग्रमा यी सबै प्रकारका लगानीको अझ सर्वव्यापी बुझाईका आधारमा नेपालमा एफडीआईको अवस्थाको मुल्यांकन गर्ने सम्बन्धमा काम गरेको छ । यहाँ लगानीका नौ रूपलाई एकलरूपमा विच्छेद गर्न खोजिएको छैन, बरु डेस्क समीक्षा र केआईआईमार्फत संकलन गरिएको जानकारीको सहयोगमा तिनको एकीकृत बुझाई निर्माण गर्ने प्रयास गरिएको छ । यस प्रतिवेदनले छनोट गरिएका उद्योगमा एफडीआईलाई प्राथमिकता दिने र मार्गदर्शन गर्ने आवश्यकता रहेको तथ्यलाई पनि स्वीकार गरेको छ । यद्यपि यस अनुसन्धानले तय गरेका महत्व र प्राथमिकतालाई अनुसरण गर्न अझै गम्भीर अनुसन्धान आवश्यक छ भन्ने पनि बिर्सनु हुँदैन । भविष्यमा हुने गहन क्षेत्रगत अनुसन्धानले प्रत्येक क्षेत्रका जटिलता उजागर गर्दै त्यसको सम्बोधनमा सहजीकरण गर्नेछ ।

# ४. नेपालमा प्रत्यक्ष विदेशी लगानीको अवस्था

### एफडीआईको परिदृश्य : तथ्यांकीय प्रवृत्ति

चित्र २ : नेपालमा एफडीआई स्टकको प्रवृत्ति (रु. अर्बमा)





स्रोत : फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२)

**प्रत्यक्ष विदेशी लगानी स्टकको प्रवृत्ति**

सन् २०७८/७९ मा नेपालमा प्रत्यक्ष ि वदेशी लगानीको स्टक १६ प्रतिशतले बढेर २०७९ असार मसान्तमा रु. २६४.३ अर्ब पुगेको छ ।

चित्र ३: आव २०७८/७९ मा कुल प्रत्यक्ष विदेशी लगानी स्टकमा मुख्य देशहरूको हिस्सा




स्रोत : सर्भे रिपोर्ट अन फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२)

**खुद एफडीआई स्टकमा मुख्य देशहरूको हिस्सा**

आव २०७८/७९ सम्ममा नेपालमा सबै भन्दा धेरै एफडीआई भारत (३३.५%) र चीन (१२.५%) को छ ।

Table 1: Dividend Repatriation


| आर्थिक वर्ष | लाभांश (रु. १० लाखमा) |
|---|---|
| २०७१/७२ | ७,२१०.७१ |
| २०७२/७३ | ६,२५२.७२ |
| २०७३/७४ | १,७२४०.६१ |
| २०७४/७५ | ३९,५३०.५० |
| २०७५/७६ | २७,७८३.०० |
| २०७६/७७ | १२,९०३.१० |
| २०७७/७८ | २६,०७६.६० |
| २०७८/७९ | १५,६७५.२० |

स्रोत : सर्भे रिपोर्ट अन फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२, २०१८/१९)

## लाभांश फिर्ता

लाभांश फिर्ताका सन्दर्भमा केही उतारचढाव देखिएको छ। आव २०७३/७४ मा रु. ३९.५३ अर्बसहित यो सबैभन्दा उच्च बिन्दुमा पुगेको थियो।

चित्र ४: कुल एफडीआईको आप्रवाह (रु. अर्बमा) २०७८/७९




स्रोत : सर्भे रिपोर्ट अन फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२)

## खुद प्रत्यक्ष विदेशी लगानी आप्रवाह

आव २०७८/७९ मा नेपालमा खुद एफडीआई आप्रवाह ४.९ प्रतिशतले घटेर रु. १८.६ अर्बमा झरेको छ।

तालिका २ : क्षेत्रगत एफडीआई स्टक (रु. अर्बमा)

| क्र.सं. | क्षेत्रहरू | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|---|
| १ | विद्युत्, ग्यास, बाफ तथा स्टिम्ड एयर कन्डिसनिङ | ३६,६६२.२० | ५४,६६०.९० | ७०,१४७.३० |
| २ | म्यानुफ्याक्चरिङ | ५२,१८८.९० | ५६,०६६.८० | ६७,३५२.०० |
| ३ | वित्तीय तथा बिमा सेवाहरू | ५०,२३०.१० | ५४,२८८.४० | ६१,३९९.५० |
| ४ | आवास तथा खाद्यान्न सेवाहरू | ७,९४४.६० | ११,८४६.४० | १२,९७५.९० |
| ५ | सुचना तथा सञ्चार | २८,२६२.९० | १२,६१८.५० | १०,८५८.२० |
| ६ | शिक्षा | १,६८७.२० | १,८७७.०० | १,९२६.४० |
| ७ | निर्माण | ४४४.१ | ४७०.१ | ३३८.९ |
| ८ | मानव स्वास्थ्य र सामाजिक कार्य | ३५०.८ | ३६५.२ | ४९२ |
| ९ | कृषि, वन तथा मत्स्यपालन | ११४.२ | २२०.५ | २४०.९ |
| १० | खानी तथा उत्खनन | ६९.१ | -१.२ | -२.९ |
| ११ | यातायात र भण्डारण | -१,६७८.२० | -२,७७२.२० | -६,५१५.९० |
| १२ | अन्य | ६,६७३.६० | ८,८८०.४० | ८,७३४.७० |
| | **कुल** | **१,८२,९१९.६०** | **१,९८,५२०.८०** | **२,२७,९४६.९०** |

स्रोत : सर्भे रिपोट अन फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२)


**क्षेत्रगत एफडीआई स्टक**

बिजुली, ग्यास, बाफ तथा एयर कन्डिसनिङ क्षेत्रमा सबैभन्दा बढी एफडीआई रु. ८६.८ अर्ब (समग्रको ३२.८ प्रतिशत) परिचालन भएको छ। दोस्रोमा वित्तीय तथा बिमा क्षेत्र (रु. ७७.९ अर्ब) रहेको छ।

## ४.१ प्रत्यक्ष विदेशी लगानी प्राप्तिको प्रवृत्ति


चिन्तजनक प्रवृत्ति के देखिएको छ भने प्रतिबद्धताअनुरूप एफडीआई प्रवाह भइरहेको छैन। यो विसंगतिलाई सँगैको चित्रमा देखाइएको छ। आव २०५२/५३ र २०७८/७९ को समय श्रृंखलामा औसत एफडीआई आप्रवाह प्रतिबद्धता गरिएको रकमको ३६.२% थियो। लगानी नै हुन नसकेको वा वास्तविक लगानी स्वीकृतिमा लागेको ठूलो समयका कारण यस्तो देखिएको अनुमान गरिन्छ।[13]

चित्र ५ : नेपालमा विदेशी लगानी स्वीकृति र प्राप्तिको अवस्था (रु. १० लाखमा)




स्रोत : सर्भे रिपोट अन फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२)

चित्र ६: स्वीकृतिका आधारमा वास्तविक खुद एफडीआई प्रतिशत




**स्वीकृतिका आधारमा वास्तविक खुद एफडीआई प्रतिशत**

स्रोत : सर्भे रिपोट अन फरेन डाइरेक्ट इन्भेस्टमेन्ट इन नेपाल, नेपाल राष्ट्र बैंक (सन् २०२१/२२)

# ४.२ नेपालमा प्रत्यक्ष विदेशी लगानी स्वीकृतिको प्रक्रिया




**चरण १ : आवेदन दिने**

विदेशी लगानीकर्ताले नेपालमा विदेशी लगानी ल्याउने कार्यतालिका र उद्योगमा लगानी गर्ने कार्ययोजनाको विवरणसहित विदेशी लगानी स्वीकृत गर्ने निकायमा स्वीकृतिका लागि निवेदन दिनुपर्छ ।[१४] लगानीको आकार रु. ६ अर्बभन्दा कम भए लगानीकर्ताले
उद्योग विभागबाट स्वीकृति लिनुपर्छ भने रु. ६ अर्ब वा सोभन्दा बढी भए लगानी बोर्ड नेपालबाट स्वीकृति लिनुपर्नेछ ।[१५]




**चरण २ : दर्ता पक्रिया**

विदेशी लगानी स्वीकृत भएपछि कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता गर्नुपर्छ । त्यस्तै, कम्पनीको स्थायी लेखा नम्बर (प्यान) र मुल्य अभिवृद्धि कर (भ्याट) को दर्ता आन्तरिक राजस्व कार्यालयमा गर्नुपर्छ । उद्योग विभागअन्तर्गतको र इजाजतपत्र इकाईमा उद्योगको दर्ता गर्नुपर्छ ।



**चरण ३ : बैंक खाता खोल्ने**

विदेशी लगानी नेपालमा ल्याउन कम्पनीले यहाँको स्थानीय बैंकमा खाता खोल्नुपर्छ ।



**चरण ४ : एफडीआई ल्याउन स्वीकृति**

कम्पनीले विदेशी मुद्रा पठाउन नेपाल राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने हुन्छ । एफडीआईको वैध स्रोतसम्बन्धी घोषणा पनि राष्ट्र बैंकमा पेस गर्नुपर्नेछ । विदेशी मुद्रा उचित बैंकिङ च्यानलमार्फत पठाउनुपर्छ र केन्द्रीय बैंकको जानकारीमा भएको हुनुपर्छ ।[१६]

# ४.३ लगानी फिर्ता

विदेशी लगानीकर्ताले सम्पुर्ण कर दायित्व तिरेर आफ्नो लगानी रहेको उद्योगको पुर्ण वा आंशिक बिक्री गरेर नेपालबाट आफ्नो लगानी फिर्ता लैजान सक्नेछ । फिट्टा २०७५ अनुसार निम्न प्रकारको रकम फिर्ता गर्न सकिन्छ–[17]



स्वीकृतिका आधारमा वास्तविक खुद एफडीआई प्रतिशत विदेशी लगानीबाट प्राप्त नाफा वा लाभांशको रकम ।

उद्योग वा कम्पनी खारेज वा बन्द भएपछिको सबै दायित्व भुक्तान गरेर बाँकी रहेको रकम ।

प्रविधि हस्तान्तरण सम्झौताबमोजिम प्राप्त रोयल्टीको रकम तर मदिरा उद्योगको हकमा ट्रेडमार्क प्रयोग गर्ने मदिरा कम्पनीले शतप्रतिशत मदिरा निकासी नगरेमा त्यस्तो रोयल्टीको रकम प्रचलित कर बाहेक कुल बिक्री मूल्यको पाँच प्रतिशतभन्दा बढी हुनु हुँदैन ।
पट्टा लगानीअन्तर्गतको लिज भाडा रकम ।

नेपालमा मुद्दा, मध्यस्थता वा अन्य कुनै कानुनी प्रक्रियाको अन्तिम टुंगो लगाएर क्षतिपूर्तिको रूपमा प्राप्त भएको र कम ।

नेपाल राष्ट्र बैंकको स्वीकृतिमा जुन विदेशी मुद्रामा लगानी गरिएको हो, सोही विदेशी मुद्रा वा अन्य परिवर्त्य विदेशी मुद्रामा प्रचलित विनिमय दरमा रकम फिर्ता लैजान सकिनेछ। नेपालमा रहेको चल वा अचल सम्पत्ति बन्धक वा धितो राखी कुनै उद्योग वा कम्पनीलाई ऋण दिएको विदेशी लगानीकर्ताले त्यस्तो ऋणको साँवा वा ब्याज तिर्न नसके त्यस्तो सम्पत्ति लिलामी गरेर ऋणको साँवा र ब्याज फिर्ता गर्न सक्नेछ । भुक्तानी नगरेको कारण पट्टा सम्झौता खारेज भएको अवस्थामा, विदेशी लगानीकर्ताले आफ्नो लगानी र लीजमा लगानी गरेको सम्पत्ति फिर्ता गर्न सक्नेछ ।

लगानी फिर्ता गर्न विदेशी लगानीकर्ताले विदेशी लगानी स्वीकृत गर्ने निकायमा त्यसका लागि निवेदन दिनुपर्छ । नियम र सर्तहरू पूरा गरे-नगरेको तथ्यजाँच गरेपछि त्यस्तो निकायले रकम फिर्ताको प्रस्तावलाई अनुमोदन गर्छ। सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि विदेशी लगानीकर्ताले विदेशी मुद्रा सटही सुविधाका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन सक्नेछन् । विदेशी लगानीकर्ताले निवेदन दिएपछि विदेशी लगानी फिर्ता लैजान नेपाल राष्ट्र बैंकले सटही सुविधा उपलब्ध गराउँछ। तर यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने, सम्बन्धित कम्पनीमा आफ्नो लगानीको अंशको अनुपात मात्र फिर्ता गर्न सकिन्छ। कुनै विदेशी लगानीकर्ताले आफ्नो लगानीको रकम फिर्ता गर्ने क्रममा त्यस्तो स्वीकृति दिने निकायले गरेको निर्णयबाट सन्तुष्ट नभए उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

अध्ययनका लागि अन्तर्वार्ता लिएका एक कानुनी विज्ञले साना लगानीकर्ताको तुलनामा ठूला लगानीकर्तालाई नियम कानुनको पालना गर्न सजिलो हुने बताए । अनुपालन नियमनमा स्पष्टताको अभाव यद्यपि कायम छ । ठूला लगानीकर्ताहरूले आयकरमा चुनौतीको सामना गरिरहेका छन् । साना लगानीकर्ताका लागि रेकर्ड राख्ने प्रणालीको अभावले उनीहरूलाई रकम फिर्ता लैजानमा समस्या निम्त्याउने गरेको छ। 'अनावश्यक अनुपालन हटाउनुपर्छ। मानक अनुपालनले रकम फिर्ता गर्न सजिलो बनाउँछ,' उनले भने ।

**रोयल्टी क्याप**


प्रविधि हस्तान्तरणपछि स्वदेश फिर्ताका लागि रोयल्टी प्राथमिक प्रोत्साहन हो । विदेशी लगानीकर्ताहरूले स्थानीय रूपमा धेरै सम्झौताहरूमा प्रवेश गरेको अवस्थामा, तल लिखित रकमभन्दा बढी रकम फिर्ताका लागि अनुमति दिइनेछैन ।

- बिक्री रकममा आधारित रोयल्टी कुल बिक्रीको ५% मा सीमित गरिएको छ, तर निर्यातका लागि यो सीमा कुल बिक्रीको १०% मा राखिएको छ (भ्याटबाहेक) ।
- खुद नाफामा आधारित रोयल्टीको सीमा खुद नाफाको १५% सम्म छ, जब कि निर्यातका लागि यो खुद नाफाको २०% सम्म राखिएको छ ।

**बहिर्गमन नीतिः**

व्यवसायबाट गरेको नाफाको फिर्ता लैजाने प्रक्रिया सहज बनाउनका लागि नेपालले केही कदम चालेको छ। नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा ऋण व्यवस्थापन विनियमावली त्यसको एक उदाहरण हो। तथापि, जब कुनै कम्पनीको सहज बहिर्गमनको कुरा आउँछ, आयकरजस्ता विषयसँग सम्बन्धित अन्य कानूनहरूले जटिलता सिर्जना गर्छन्। आयकर ऐन, २०५८ को दफा ५७ को दफा ९५(१) र (२) मा स्वामित्व हस्तान्तरण ५० प्रतिशत वा सोभन्दा बढी भएमा सो वर्षको अनुमानित आय करसहित पूँजीगत लाभकर लाग्ने व्यवस्था छ। स्वामित्व वा शेयर बिक्रीको सन्दर्भमा यो व्यवस्था सधैं लागु हुन्छ। यो यस्तो नीति हो जसले बहुराष्ट्रिय कम्पनीहरूलाई उच्च करका कारण बहिर्गमनबाट टाढा राख्ने देखिन्छ। शेयर बिक्री गरेर बाहिरिन खोज्ने धेरै कम्पनीहरू सोही व्यवस्थाका कारण अड्किएका छन ।

## ४.४ विदेशी लगानी प्रतिबन्ध गरिएका क्षेत्रहरू[१८]




कुखुरापालन, मत्स्यपालन, मौरीपालन, फलफूल, तरकारी, तेलको बीउ, दालको बीउ, दूग्ध उद्योग र प्राथमिक कृषि उत्पादनका अन्य क्षेत्रहरू, उत्पादनको कम्तीमा ७५ प्रतिशत निकासी गर्ने ठूला उद्योगबाहेक[१९]।




घरजग्गा कारोबार (निर्माण उद्योगबाहेक), खुद्रा व्यापार, आन्तरिक कुरियर सेवा, स्थानीय क्याटरिङ सेवा, मनी चेन्जर, रेमिट्यान्स सेवा।





हातहतियार, गोली तथा क्षेप्यास्त्र, बारुद वा विस्फोटक, आणविक, जैविक तथा रासायनिक (एनबीसी) हतियार; आणविक ऊर्जा र रेडियोधर्मी पदार्थ उत्पादन गर्ने उद्योगहरू।




व्यक्तिगत सेवा व्यवसाय (कपाल काट्ने, टेलरिङ, ड्राइभिङ आदि)।




ट्राभल एजेन्सी, पर्यटनमा संलग्न गाइड, पदयात्रा तथा पर्वतारोहण गाइड, होमस्टे लगायत ग्रामीण पर्यटन।




व्यवस्थापन, लेखा, इन्जिनियरिङ, कानुनी परामर्श सेवा र भाषा प्रशिक्षण, संगीत प्रशिक्षण, कम्प्युटर तालिम।




कन्सल्टेन्सी सेवामा ५१ प्रतिशतभन्दा बढी विदेशी लगानी छ।




आससञ्चार माध्यमको व्यवसाय (अखबार, रेडियो, टेलिभिजन र अनलाइन समाचार) र राष्ट्रिय भाषामा चलचित्र निर्माण।




घरेलु तथा साना उद्योगहरू

# ४.५ सरकारको पहलहरूको विश्लेषण

## १. नेपाल लगानी सम्मेलन

नेपाललाई लगानीको आदर्श गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने प्रयासस्वरूप नेपाल सरकारले हालसम्म दुई ओटा नेपाल लगानी सम्मेलन (एनआईएस) आयोजना गरेको छ । दुवै सम्मेलनले लगानीकर्ता नेपालमा लगानी इच्छुक रहेको देखाएका थिए । पहिलो लगानी सम्मेलनमा नेपालका जलविद्युत्, यातायात, खाद्य उत्पादन, पेय पदार्थ, स्वास्थ्य सेवा, खानी तथा खनिज, बैंकिङ, पर्यटन, घरजग्गा, निर्माण, उत्पादनलगायत प्रमुख क्षेत्रमा लगानी गर्न १६ कम्पनीबाट १४ खर्ब रुपैयाँको प्रतिबद्धता आएको थियो ।[२०] यद्यपि, सन् २०२० सम्म आइपुग्दा जम्मा ४ खर्ब ५० करोड रुपैयाँ मात्र वास्तविक लगानी आएको लगानी बोर्डको भनाइ छ । त्यसैगरी, विगत तीन दशकमा आयोजना गरिएका दुई लगानी सम्मेलनको तुलनामा सन् २०१९ को लगानी सम्मेलनमा एफडीआई प्रतिबद्धता तुलनात्मक रूपमा कम थियो । प्रदर्शनीमा राखिएका ५० आयोजनामध्ये लगानी सम्मेलनमा १५ ओटामा मात्रै लगानीका लागि सम्झौता सम्भव भएको थियो ।[२१]

मुख्य सूचनादाता अन्तर्वार्ता (केआईआई) मा एक प्रतिनिधिले व्यक्त गरेका धारणाअनुसार, सम्मेलनमा प्रदर्शन गरिएका परियोजनाहरूको उचित तयारी गरिएको थिएन । त्यहाँ प्रस्तावित परियोजना धेरै सरोकार वालाहरूको संलग्नताका कारण उत्पन्न हुने नोकर शाहीको जटिलतामा अलमलिएका थिए । लगानी बोर्डसँग प्रक्रियालाई सजिलो बनाउन आवश्यक स्रोतहरूको अभाव रह्यो । फोहोरमैला व्यवस्थापन परियोजनामा पाँच नगरपालिकालाई संलग्न हुनुलाई यस्तो जटिलताको एक उदाहरणका रूपमा प्रस्तुत गर्ने गरिएको छ । सकारात्मक सम्भाव्यता प्रतिवेदन र विदेशी लगानीकर्ताको सहमतिका बाबजुद आन्तरिक समस्याका कारण परियोजना आयोजना अघि बढ्न सकेनन् ।



## २. स्वचालित मार्ग

फिट्टा, २०७५ ले स्वचालित मार्गहरूको सम्भावित सञ्चालनलाई आत्मसात् गऱ्यो । सो ऐनअनुसार नेपाल सरकारले विदेशी लगानीको प्रक्रियालाई सहज बनाउन कम्पनी दर्ता, उद्योग दर्ता र विदेशी लगानी स्वीकृत गर्ने जस्ता सेवाहरू स्वचालित मार्गबाट उपलब्ध गराउन सक्नेछ ।[२२] त्यसका लागि सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी ५० करोड रुपैयाँसम्मको एफडीआईका लागि स्वचालित मार्गलाई स्वीकृत गरेको छ, जसले सम्बन्धित लगानीकर्तालाई प्रक्रियाका लागि स्वचालित मार्गको प्रयोग गर्न मार्गप्रशस्त गरेको छ । सरकारले कृषि र वन, पूर्वाधार, सूचना प्रविधि, उत्पादन, सेवा, ऊर्जा र पर्यटन गरी सात क्षेत्रमा एफडीआईलाई अनुमति दिएको छ ।[२३] यसबाहेक, सूचना प्रविधिमा आधारित उद्योगहरूमा लगानीको न्यूनतम सीमा तोकिएको छैन । तर इन्टरनेटमा आधारित पूर्वाधार निर्माणका लागि हाल जारी कामलाई ध्यानमा राखी कार्यान्वयनमा भने केही समय लाग्न सक्छ ।[२४]

## ३. एकद्वार सेवा केन्द्र

औद्योगिक व्यवसाय ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा उल्लेख भएबमोजिम सबै लगानीकर्ताहरूलाई सम्पूर्ण लगानीसम्बन्धी सेवाहरू एकल बिन्दुमा उपलब्ध गराउन नेपाल सरकारले वन स्टप सर्भिस सेन्टर (ओएसएससी) स्थापना गरेको हो । उद्योग विभागअन्तर्गत रहेको ओएसएससीले लगानी अनुमोदन गर्ने निकायहरूसम्म सहज पहुँच बनाउन लगानीकर्ताहरूलाई मद्दत गर्दछ । उद्योग विभाग, भिसा सहजीकरण एकाइ (अध्यागमन विभाग), भन्सार र राजस्व एकाइ, विदेशी मुद्रा सहजीकरण एकाई (नेपाल राष्ट्र बैंक), ऊर्जा, जलस्रोत र सिँचाइ सुविधा, भूमि व्यवस्था, सहकारी र गरिबी निवारण मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार प्राधिकरण, आन्तरिक राजस्व विभाग र आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण विभागलगायत सेवा ओएसएससीमा उपलब्ध हुने व्यवस्था छ ।[२५]




तर, अहिलेसम्म, उल्लेखित निकायमध्ये पाँच मात्र ओएसएसीमा छन् । ती हुन्– राष्ट्र बैंक, भिसा सहजीकरण एकाई, भूमि व्यवस्था मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय र आन्तरिक राजस्व विभाग ।

## ४. विशेष आर्थिक क्षेत्रहरू

निर्यातमा वृद्धि गरी देशको आर्थिक विकासका लागि स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्न नेपाल सरकारले विशेष आर्थिक क्षेत्र (सेज) को अवधारणा ल्याएको हो । औद्योगिक उत्पादनमा सहजीकरण गर्न सेज अन्तर्गत एक विशेष व्यावसायिक क्षेत्र निर्माण गरिएको छ ।[२६] सेज ऐन २०७३ मा बनेको थियो र पछि सन् २०७५ मा यसमा केही परिमार्जन गरिएको थियो ।

सेजमा स्थापना हुने उद्योगले सञ्चालमा आएको दोस्रो वर्षबाट आफ्ना उत्पादनको न्यूनतम ६० प्रतिशत मुलुकबाहिर निकासी गर्नुपर्ने हुन्छ । एक वर्षसम्म भने उसले आफ्ना शतप्रतिशत उत्पादन आन्तरिक बजारमा बिक्री गर्न सक्नेछ । सेज अन्तर्गतका उद्योगहरूलाई पहिलो, दोस्रो र तेस्रो वर्षमा क्रमशः ५०, ४० र २५ प्रतिशतसम्म भाडा र जग्गा लिज शुल्क फिर्ता दिने व्यवस्था छ । सेज अन्तर्गत हिमाली तथा पहाडी क्षेत्रमा स्थापना भएका उद्योगहरूले पहिलो व्यावसायिक कारोबार सुरु भएको मितिदेखि १० वर्षसम्म र त्यसपछिको एक आर्थिक वर्षमा ५० प्रतिशत आयकर छुट पाउनेछन् । यसबाहेकका उद्योगहरूलाई पहिलो व्यावसायिक कारोबार सुरु भएको मितिले ५ वर्षसम्म आयकरमा शतप्रतिशत र त्यसपछि आउने एक आर्थिक वर्षमा ५० प्रतिशत छुट दिइनेछ ।[२७]

सेजभित्रका उद्योगहरूले बैंक ग्यारेन्टी अन्तर्गत आवश्यक कच्चापदार्थ र सहायक कच्चापदार्थ (प्याकेजिङ सामग्रीसहित), प्रमाणित प्रडक्सन प्लान्ट, मेसिनरी, मेसिनका पार्टपुर्जा र औजार जस्ता सामानमा भन्सार महसुल र अन्य सुविधामा छुट पाउँछन् । कर्मचारी ढुवानीका लागि प्रयोग हुने एउटा सवारीसाधनको पैठारीमा र वस्तु तथा सेवा ढुवानी गर्ने सवारीसाधनमा पनि एक प्रतिशत मात्र भन्सार महसुल लगाइन्छ । सेजभित्रका उद्योगहरूलाई सामान/कच्चापदार्थको बिक्रीमा लगाइने कर तथा महशुल पनि फिर्ता गरिन्छ ।[२८] विदेशी कर्मचारीहरूले आफ्नो आम्दानीको ७०% बराबरको भुक्तानी परिवर्त्य मुद्रामा लिन सक्छन् (नेपाल राष्ट्र बैंकका अनुसार) ।

विदेशी लगानीकर्ताले विदेशी लगानीको केही वा सबै सेयर बिक्रीबाट प्राप्त भएको रकम, त्यस्तो विदेशी लगानीबाट लाभ वा लाभांशको सट्टामा प्राप्त भएको रकम र सम्झौतामा तोकिएको मुद्रामा गरिएका विदेशी पुँजीगत ऋण वा ब्याज भुक्तानीको सट्टामा सो बराबरको रकम फिर्ता लैजान सक्नेछ ।[२९]

तर विशेष आर्थिक क्षेत्र (सेज) मा अहिले भएका संरचना पर्याप्त छैनन् । सन् २०१९ सम्म आइपुग्दा दुई दशकअघि स्थापना भएको भैरहवा सेजमा मात्र ११ केभीको बिजुली आपूर्ति छ, जब कि अहिले त्यहाँ ३३ केभीको आवश्यकता छ ।[३०] त्यहाँ सडक, ढल र अन्य आधारभूत पूर्वाधारहरूको पनि कमी छ भने सेज नै जीर्ण अवस्थामा पुगे जस्तो देखिन्छ ।[३१] आर्थिक वर्ष २०८०/८१ को बजेट भाषणमा निर्यातको सीमा ३० प्रतिशतमा ल्याइने उल्लेख छ । त्यसै सन्दर्भमा एक जना उत्तरदाताले यस्तो व्यवस्था सेज ऐनमा पनि गर्नुपर्ने बताए । पूर्वाधारको अभाव, उच्च भाडा र पहुँचको समस्या सेजका मुख्य अप्ठ्यारा रहेको उनको भनाइ छ ।

## ५. बौद्धिक सम्पत्ति नीति, २०७३

बौद्धिक सम्पत्ति नेपालमा ठूलै चुनौतीको विषय बनेको छ । लगानीकर्ताहरूले यसलाई आफ्नो व्यवसाय सञ्चालन गर्न ठूलै बाधाका रूपमा हेर्छन् । नेपालको बौद्धिक सम्पत्ति पहिले दर्ता हुने दस्तावेजमा आधारित छ । नेपाल औद्योगिक सम्पत्ति संरक्षणका लागि पेरिस महासन्धिको हस्ताक्षरकर्ता पनि हो । तर बौद्धिक सम्पत्तिको बारम्बार उल्लङ्घनबाट उपभोक्ता र नवप्रवर्तकहरू दुवै पीडित छन् । नवप्रवर्तनको प्रवर्द्धन र यसको संरक्षणका लागि उचित वातावरणको अभाव रहेकाले नेपाल ग्लोबल इनोभेसन इन्डेक्स३४ मा १०८ औं स्थानमा छ । यसैबीच, सरकारले राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ ल्याएको छ । सो नीतिले उपयोगिता मोडलहरू लागु गर्ने, ससाना पेटेन्टको सुविधा उपलब्ध गराउने र औद्योगिक डिजाईनका अवधारणाहरू निर्माण गर्नेलगायत विषयको उठान गरेको छ । उल्लंघनहरूको अनुगमन गर्न समर्पित जनशक्तिसहितको एक कार्यान्वयन निकाय स्थापना गर्ने बाचा पनि नीतिले गरेको छ ।

बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारका सबै पक्षलाई नियमन गर्ने नयाँ छाता कानुनको मस्यौदा तयार गर्ने प्रक्रिया चलिरहेको छ र स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइएको छ ।[३५]

## ६. व्यापार लजिस्टिक नीति, २०७८



व्यापार पूर्वाधारको सुदृढीकरणका साथै व्यापार सेवामा सुशासन स्थापना गर्न वस्तु तथा सेवाको उत्पादन र उपभोगका लागि नियमित र सहज आपूर्ति शृंखला संयन्त्र सुनिश्चित गर्न व्यापार लजिस्टिक नीति, २०७८ तर्जुमा गरिएको थियो । लक्षित र एकीकृत व्यापार लजिस्टिक पूर्वाधारको विकास, व्यापार-सम्बन्धित आपूर्ति शृंखला प्रणालीको वृद्धि र व्यापार लजिस्टिक प्रणालीमा सुशासन स्थापना गर्नेजस्ता फरक खालका रणनीति सो नीतिमा समावेश गरिएको छ ।

व्यापार लजिस्टिक क्षमतामा नेपाल अन्य देशभन्दा पछाडि छ । वर्ल्ड इकोनो मिक फोरमको ग्लोबल कम्पिटिटिभनेस इन्डेक्स, २०१९ अनुसार नेपालको सबै भन्दा नजिकको बन्दरगाह कोलकाताको दूरी ५५० किलोमिटर छ र विद्यमान कमजोर लजिस्टिकले झनै समस्या बढाएको छ । इन्डेक्समा समावेश १४१ देशमध्ये नेपाल १०८औं स्थानमा छ । यसका अतिरिक्त सन् २०१२ दे खि २०१८ सम्मको तथ्यांकका आधारमा विश्व बैंकले प्रकाशन गरेको औसत लजिस्टिक पर्फमेन्स इन्डेक्सले नेपाललाई १६७ देशमध्ये १२१ औं स्थानमा राखेको छ ।

## ७. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा ऋण व्यवस्थापन विनियमावली, २०७८

एफडीआई प्रक्रियालाई सहज बनाउन नेपाल राष्ट्र बैंकले विदेशी विनिमय (नियमन) ऐन, २०१९ (दफा १२), नेपाल राष्ट्र बैंक ऐन, २०५८, (दफा ११०), र विदेशी लगानी र ऋण व्यवस्थापन विनियमावली, २०७८ जारी गरेको छ । यी कानुन तथा विनियमअन्तर्गत विदेशी लगानीकर्ताहरूले लगानी बोर्ड, नेपाल र उद्योग विभागबाट एफडीआईका लागि स्वीकृति प्राप्त गरेको अवस्थामा नेपालमा लगानीका लागि राष्ट्र बैंकबाट पूर्वस्वीकृति लिनुपर्दैन । तथापि विदेशबाट नेपालमा रहेको बैंक खातामा रकम पठाउनुअघि 'एकल-बिन्दु

सेवा केन्द्र' अन्तर्गत 'विदेशी मुद्रा सहजीकरण इकाई'लाई सूचित गर्न भने आवश्यक छ ।[३९]




सेयर निष्कासन र सेयर बजारमार्फत गरिने लगानीका लागि अझै पनि राष्ट्र बैंकबाट पूर्वस्वीकृति आवश्यक भए पनि १० लाख अमेरिकी डलर वा सो बराबरको लगानीका लागि विदेशी लगानीकर्ताको लेखापरीक्षण गरिएको वित्तीय विवरण अनिवार्य गरिएको छैन । फिट्टा ऐन २०७५ को दफा २० र २६ अन्तर्गत पर्ने लेनदेनका लागि रकम फिर्ता लैजान आवश्यक विनिमय सुविधाका लागि केन्द्रीय बैंकले स्वीकृति प्रदान गर्छ । आवेदन प्राप्त भएको १५ कार्य दिनभित्र यस्तो स्वीकृतिबारे आवेदकलाई लिखित रूपमा जानकारी गराइनेछ ।[४०]

## ८. प्रक्रिया सरलीकरणमार्फत पुनर्लगानी प्रवर्द्धन

लगानीकर्ताले नाफाबाट कमाएको पुँजी बिनाकुनै स्वीकृति उही वा अन्य कुनै उद्योगमा (नकारात्मक सूचीमा रहेकाबाहेक) पुनः लगानी गर्न अनुमति दिने व्यवस्था फिट्टाले गरेको छ । यस्तो व्यवस्थाका कारण पुनः लगानी विस्तार गर्दा लगानीकर्ताहरूले प्रक्रियागत झन्झटको सामना गर्नुपर्दैन, जसले अन्ततः अर्थतन्त्रलाई फाइदा पुऱ्याउन सक्छ र लगानीकर्तामा पनि विश्वास बढाउन सक्छ ।

## ९. निर्यातमुखी नीतिहरू



कुखुरा तथा माछापालन, मौरीपालन र प्राथमिक कृषि उत्पादन जस्ता क्षेत्रमा नेपाली व्यवसायहरूको लामो इतिहास र विशेषज्ञता भएकाले यी क्षेत्रहरूलाई नकारात्मक सूचीमा राखिएको छ । यद्यपि आफ्नो उत्पादनको ७५% भन्दा बढी निर्यात गर्ने ठूला निर्यातमुखी लगानीकर्ताहरूले यो अवरोधलाई बाइपास गर्न सक्छन् । यसको अर्थ हो, निर्यात गर्न इच्छुक भएका लगानीकर्ताले राष्ट्रको उत्पादन क्षमता, स्रोत र प्रविधिमा पहुँच राख्न सक्छन् ।

निर्यातबाट हुने आय लगानीकर्ताकै हो भने त्यसमा २०% कर छुट पनि प्रदान गरिएको छ । साथै उत्पादनमूलक उद्योगमा लगानी गर्ने लगानीकर्ताले ३५% कर सहुलियत पाउनेछन् । छुटको यस्तो व्यवस्थाले वस्तु तथा सेवाको निर्यातमा शून्य मूल्य अभिवृद्धि कर (भ्याट) को अवधारणालाई बल पुऱ्याउँछ । नेपालले आफ्नो लगानीको परिदृश्यलाई अझबढी निर्यातमुखी बनाउँदै लैजाने क्रममा विभिन्न प्रोत्साहनहरूको घोषणा गरेको छ । कर छुट दिइएका निर्यातमुखी उद्योगहरूका लागि सहुलियत दिइएको विशेष आर्थिक क्षेत्रजस्ता संरचनाले पनि यसलाई थप प्रभावकारी बनाएको छ ।

यस्ता व्यवस्थाका बाबजुद पनि नेपालमा व्यवसाय सञ्चालन गर्ने लगानीकर्ता र बहुराष्ट्रिय कम्पनीहरूले निर्यातलाई आफ्नो प्राथमिकतामा राखेका छैनन्, उनीहरूको मुख्य ध्यान नेपालको आन्तरिक बजारमै रहेको देखिन्छ ।[४१]

## १०. स्टार्टअप नीति कोष

स्टार्ट अप नेसन २०३० मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्टार्टअप कम्पनीहरूको उत्थानका लागि उद्यमी तथा स्वदेश फर्केका आप्रवासी कामदारहरूका लागि व्यावसायिक अवधारणाका आधारमा लगानी गर्ने र सहुलियतपूर्ण ऋण प्रदान गर्ने लगायत नीतिमा काम गर्ने सरकारको प्रयासमा जोड दिएको छ ।[४२] सरकारले २ प्रतिशत ब्याजमा उद्यमीलाई सहयोग गर्न रु. ५० करोडको स्टार्टअप कोष स्थापना गर्ने घोषणा गरेको थियो ।[४३] स्टार्टअपलाई सहयोग गर्ने प्रयास भए पनि त्यसको कार्यान्वयनमा ढिलाइ भएको छ । यद्यपि, यसले एफडीआईलाई आकर्षित गर्ने स्टार्टअपका लागि आदर्श गन्तव्यका लागि आधार बनाउन सहयोग गर्न सक्छ ।

# ५. एफडीआई आप्रवाह निरुत्साहन गर्ने बाधाहरू

## ५.१ एफडीआईका पूर्वसर्त


नेपालमा एफडीआईका लागि उत्कृष्ट वातावरण निर्माणमा रहेका अवरोधको सही मापनका लागि हामीले एफडीआईलाई आकर्षित गर्न, कायम राख्न र सहज बनाउन प्रत्येक कारकले के भूमिका खेल्छ भनेर बुझ्नु आवश्यक छ । कुनै पनि देशलाई एफडीआईको गन्तव्य बन्न धेरै निर्धारक आवश्यक हुन्छन् । नेपाल जस्तो अतिकम विकसित मुलुकका लागि तीन प्रकारका निर्धारक मुख्य छन्– आर्थिक निर्धारक, नियामक ढाँचा र एफडीआई प्रवर्द्धनका चरण ।

आर्थिक निर्धारकहरूमा गन्तव्य बजारको आकार, यसको वृद्धिदर र भौतिक पूर्वाधार, प्राविधिक वातावरण, श्रमको क्षमता र गुणस्तर र कच्चापदार्थको उपलब्धतालगायत पूर्वाधारलाई सहज बनाउने पक्ष मुख्य छन् । नियामक ढाँचाले सरकारी नियमहरू निश्चित समयसीमा भित्र लगानी स्वीकृति प्राप्त गर्नमा कत्तिको सहज छ भन्ने पक्षतर्फ इंगित गर्छ । अन्त्यमा, लगानी प्रवर्द्धन एवं लगानीकर्ताको रुचि कायम राख्न सरकारले चालेका कदम आउँछन् ।

## ५.२ एफडीआई आकर्षित गर्नमा चुनौती

विभिन्न खण्डहरूमा छलफल गरिएका निर्धारकहरूका आधारमा एफडीआई आप्रवाहमा देखिएका केही अवरोधबारे अगाडिको खण्डमा छलफल गरिएको छ ।

### १. स्थापना गर्दा आउने बाधाहरू:



स्वीकृति प्रक्रियालाई सुव्यवस्थित गर्ने सरकारको प्रयासका बाबजुद, लगानीकर्ताहरूले उद्योग स्थापना चरणमा अनावश्यक प्रशासनिक प्रक्रियासँग जुध्नुपर्ने अवस्था अझै छ । एफडीआईको आप्रवाहमा स्वीकृति प्रक्रिया आफैमा ठूलो बाधा बनेको छ । जटिल प्रशासनिक प्रक्रियासँगै स्वीकृतिका लागि लाग्ने लामो समयले सम्भावित लगानीकर्तालाई तर्साउनमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

उद्योग विभाग/लगानी बोर्ड नेपालमा एफडीआई स्वीकृति आवेदन पेस गर्ने, कम्पनी र जिस्ट्रारको कार्यालयमा दर्ता गर्ने, आन्तरिक राजस्व विभागबाट क दर्ता प्राप्त गर्ने, वडा कार्यालयमा स्थानीय व्यापार दर्ता गर्ने, उद्योग विभागबाट उद्योग दर्ता सुरक्षित गर्ने, बैंक खाता खोल्ने, एफडीआईबारे नेपाल राष्ट्र बैंकलाई सूचित गर्ने र लगानीको रकम आएको विवरण राष्ट्र बैंकमा दर्ता गर्ने जस्ता कार्यहरू एफडीआई अनुमोदन गर्ने प्रक्रियामा सम्पन्न गर्नुपर्छ । अचम्मको कुरा त के छ भने, एउटा कम्पनीले लगानी प्रक्रियामा उद्योग विभाग र राष्ट्र बैंकसँग दुईदुई पटक अन्तर्क्रिया गर्नुपर्ने बाध्यता छ । साथै, पर्यटन जस्ता केही खास क्षेत्रमा आउने उद्योगहरूले पर्यटन बोर्ड जस्ता अन्य सम्बन्धित सरकारी निकायमा पनि दर्ता र कागजपत्र पेस गर्नुपर्ने व्यवस्था छ । यो बहुआयामिक प्रक्रिया पूरा गर्न सामान्यतया तीनदेखि पाँच महिनासम्म लाग्छ ।

यी चुनौतीलाई सम्बोधन गर्न सबै अनुमोदन इकाईहरूलाई एक केन्द्रीकृत हबमा एकीकृत गरेर प्रक्रियालाई सरल बनाउन वन-स्टप सेवा केन्द्र (ओएसएससी) को स्थापना गरिएको थियो । नीतिगत पहलका बाबजुद, ओएसएससी आफ्नो उच्चतम सञ्चालन क्षमतामा पुग्न सकेको छैन । नीतिमा तोकिएका १४ अनुमोदन इकाई मध्ये पाँच ओटा मात्र केन्द्रमा पुगेका छन् । यसबाहेक, ओएसएससीभित्र तोकिएका एकाइहरूले आवेदकहरूलाई तत्काल स्वीकृति प्रदान गर्ने पूर्ण अधिकार प्रयोग गर्न बाँकी छ । ओएसएससीको वर्तमान भूमिका मध्यस्थका रूपमा काम गर्नु हो । त्यहाँ आवेदकहरूले आफ्ना अनुरोध पेस गर्छन्, जसलाई केन्द्रमा रहेका एकाइहरूले आफ्ना सम्बन्धित मुख्य कार्यालयहरूमा पठाउँछन् । अफसोस नै भन्नुपर्छ, यो मध्यस्थकारी भूमिकाले पनि समग्र स्वीकृतिको अवधि घटाउन भने मद्दत गर्दैन ।

## २. कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङमा प्रतिबन्ध

फिट्टाको २०७५ को संशोधनले विदेशी लगानी भएका उद्योगहरूले आफ्ना प्राथमिक उत्पादन नभई उत्पादनको अंशमात्र कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङमार्फत उत्पादन गर्न सक्छन् भन्ने कुरालाई कडाइका साथ लागु गरेको छ ।



कतिपय अवस्थामा एक उत्पादकको अन्तिम उत्पादन अर्को उत्पादकका लागि कच्चा माल बन्न सक्छ । तर अवस्थाअनुसार कुन उत्पादनलाई प्राथमिक र कुनलाई अन्तिम मान्ने भन्ने बारेको सटिक परिभाषा नभएकाले उत्पादक अन्यौलमा परेका छन् । यसबाट थप क्षति के भएको छ भने धेरै कच्चापदार्थको भन्सार लागत अन्तिम उत्पादनको भन्दा बढी छ । यसले विदेशी लगानीकर्ता र बहुर्राष्ट्रिय कम्पनीहरूलाई घरेलु उत्पादनको सट्टा व्यापारमा लाग्न प्रोत्साहन दिन्छ । उत्पादन लागतमा हुने थप हानीहरूबारे अवरोध पाँचमा छलफल गरिएको छ ।

## ३. बौद्धिक सम्पत्तिको अपर्याप्त सुरक्षा

माथिको खण्डमा छलफल गरिए झैं नेपालले आफ्नो बौद्धिक सम्पत्तिसम्बन्धी कानुनमा सुधार गर्ने बाचा गर्दै थप लगानीमैत्री वातावरण बनाउन पाइला चालिरहेको छ । विदेशी लगानीकर्ताहरूले व्यक्त गरे को चिन्ता के हो भने, सरकारले प्रत्यक्ष वैदेशिक लगानीलाई प्रवर्द्धन गरिरहेको छ । तर बौद्धिक सम्पत्ति अधिकारलाई प्रभावकारीरूपमा संरक्षण गर्न सकेको छैन । उद्योग विभागकै प्रतिवेदनअनद्रसार स्थानीय कम्पनीहरूमा विदेशी ब्रान्डका ट्रेडमार्कको चोरी र दुरुपयोग गर्ने प्रवृत्ति बढ्दो छ । कम्तीमा ३१ ओटा कम्पनीहरूले विदेशी ब्रान्ड तथा ट्रेडमार्कको चोरी गरी स्वदेशमा उत्पादनहरू बेच्न प्रयोग गरिरहेका छन्, जसमध्ये धेरैजसो खाद्य तथा स्न्याक्स क्षेत्रमा छन् ।[४५] नेपालमा हालसम्म करिब ७० ओटा पेटेन्ट दर्ता भएका छन् । जब कि सन् २०१९ को अन्त्यसम्ममा बंगलादेशमा ६८, श्रीलंकामा ३५६ र भारतमा ३०,००० भन्दा बढी पेटेन्ट दर्ता भएका छन् ।[४६]



## ४. प्रशासनिक झन्झट र अस्थिर नीति कार्यान्वयन

विगतका साथै वर्तमान सन्दर्भमा पनि सम्भावित लगानीकर्ताहरूले नेपाल लगानीयोग्य गन्तव्य हो भन्नेबारे नकारात्मक धारणा बनाउने गरेका धेरै उदाहरणले संकेत गरेका छन् । यसरी अवस्था बिग्रिनुको मुख्यकारण स्वीकृतिमा हुने चरम लालफितावाद हो, प्रक्रिया र लगानीमा देशल दिने प्रतिफल होइन । नेपालमा सिमेन्ट उद्योग स्थापना गर्ने प्रयास गरेको नाइजेरियाली बहुराष्ट्रिय औद्योगिक समूह डांगोटे त्यसको एक उपयुक्त उदाहरण हो । धेरै वर्षसम्म कर्मचारीतन्त्रको झन्झट सहेर स्थापना प्रक्रियामा उल्लेख्य रकम खर्च गरे पनि डांगोटेले चुनढुंगा उत्खनन गर्ने खानी प्राप्त गर्न सकेन, जसले अन्ततः उसलाई लक्ष्यअनुसारको उद्योग स्थापना नगरी बाहिरिन बाध्य बनाएको थियो ।[४७] बूढीगण्डकी र पश्चिम सेती जलविद्युत् जस्ता अन्य धेरै आयोजनालाई एकदमै उदार रूपमा स्वीकृति दिए पनि डांगोटेले लिन खोजेको चुनढुंगा खानी पाउन सकेन । चुनढुंगा खानीमा सरकारले दोहोरो मापदण्ड अपनाएको चर्चा पनि हुने गरेको छ । किनकि सिमेन्ट उत्पादनमा कुनै अनुभव नभएका लगानीकर्तालाई कैलाश चुनढुंगा खानी, पानीखर्क चुनढुंगा खानी र पाल्पा सिक्लेस खानीमा उत्खनन गर्न अनुमति दिइएको थियो ।[४८]




यस्ता खालका घटनाले नेपालको लगानी आकर्षणमा ह्रास आएको छ । भैरहवामा करीब ६ अर्ब रुपैयाँमा स्थापना भएको क्यासिनोसहितको पाँचतारे टाइगर प्यालेस रिसोर्टका लगानीकर्ताले पनि प्रशासनिक झन्झटपछि नेपाल छाडेका छन् । अस्ट्रेलियाली लगानीमा स्थापित टाइगर प्यालेसले झापाको धुलाबारीमा पनि नयाँ होटल स्थापना गर्ने घोषणा गरेको थियो ।[४९] 'इनड्राइभ पनि प्रशासनिकको समस्याबाट पीडित कम्पनी हो । उस्तै कम्पनी पठाओलाई स्वीकृति दिए पनि इनड्राइभलाई स्वीकृति दिइएको थिएन,' एक कानुन विज्ञले भनेका छन् ।[५०] सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले यातायात व्यवस्था विभागमा दर्ता नगरी सार्वजनिक यातायात सञ्चालन गर्न निषेध गरेको छ । यसरी एकै प्रकृतिका कम्पनीमध्ये कसैलाई स्वीकृति दिने र कसैलाई नदिने गर्दा विभिन्न संस्थाहरूलाई न्यायोचित व्यवहार नभएको पाइएको छ ।

श्रम ऐन, २०७४ र श्रम नियमन, २०७५ अनुसार विदेशी नागरिकले कार्यकारी पदका लागि प्रतिसंगठन बढीमा तीन जना कामदारका लागि श्रम स्वीकृति लिन सक्छन् । यद्यपि, उनीहरूमा आश्रित परिवारका सदस्यहरूका लागि डिपेन्डेन्ट भिसा दिनेबारे उचित कदम चालिएको छैन, जसले विदेशी विशेषज्ञ भर्ती गर्नबाट लगानीकर्ताहरूलाई रोकिरहेको छ ।

## ५. उत्पादनमुलक उच्च लागत

विदेशी उत्पादकहरूले उत्पादनमा उच्च लागतको सामना गरिरहेका छन् ।



'उदाहरणका लागि, रासायनिक प्रशोधन गर्न उद्योगहरूले प्रयोग गर्ने कच्चापदार्थ या त स्थानीय रूपमा विरलै पाइन्छन् वा पाइँदै पाइँदैनन । अन्तिम उत्पादनको लागतमा कच्चापदार्थले ४ देखि १० प्रतिशतसम्म फरक पार्न सक्छ भने नेपालमा ढुवानी लागत विश्वकै उच्चमध्ये रहेको छ,' केआईआईमा सहभागी एक विदेशी लगानीकर्ताले भने ।

भन्सार, निकासी सेवा शुल्क, बिक्री, हवाई भाडा र आयकरको रूपरेखा दिने वार्षिक बजेटले लगानीकर्ता वा बहुराष्ट्रिय कम्पनीको सञ्चालन लागतमा पनि उल्लेख्य असर पारेको हुन्छ । २०८० को आर्थिक विधेयकले आयात शुल्क अघिल्लो वर्षको १९ प्रतिशतबाट बढाएर २२ प्रतिशत पुऱ्याएको छ । नेपालको भन्सार महसुल दक्षिण एसिया क्षेत्रमा सबैभन्दा उच्च र कर राजस्वको समग्र प्रतिशत हिस्साको हिसाबले विश्वव्यापी रूपमै सबैभन्दा उच्च हो ।[५२] नेपालको भारित ट्यारिफ दर पनि वर्षौंदेखि लगातार उच्च छ, जसले समग्र आयातको पनि लागत बढाएको छ । तालिका ४ ले नेपालका सबै उत्पादनहरूको भारित औसत र एलडीसीबाट स्तरोन्नति हुँदै गरेका देशहरू र दक्षिण एसियाली समकक्षीहरूको अवस्था प्रस्तुत गरेको छ ।

जब उत्पादनको क्रममा आवश्यक पर्ने उत्पादन आयात गर्न आवश्यक हुन्छ र त्यस्तो वस्तु कर छुटका लागि स्वीकार्य खर्चहरूमा पर्दैन त्यसले समस्या निम्त्याउन सक्छ । म्यानुफ्याक्चरिङ क्षेत्रमा काम गर्न खोज्ने विदेशी लगानीकर्तालाई यस्तो कडा कर व्यवस्थाले नराम्रो असर गर्नेछ । यो अवस्थामा कच्चापदार्थको ढुवानी जस्ता अन्तर्निहित लजिस्टिकका चुनौती पनि जोडिएर आउँदा समग्र व्यवसाय सञ्चालनमै चुनौती थपिन्छ ।

**भंसार दरवन्दी, लागु, भारित औसत, सबै उत्पादनहरू (%)[५३] अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने देशहरू हरियोमा**

तालिका ३ : ट्यारिफ दर, लागु, भारित औसत, सबै उत्पादनहरू (%) अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने देशहरू निलोमा

| | 2019 | 2020 |
|---|---|---|
| Nepal | 14.22 | 11.6 |
| Zambia | - | 4.82 |
| Bhutan | 4.13 | 6.6 |
| Bangladesh | 8.64 | 10.99 |
| Pakistan | 8.69 | 8.67 |
| India | 6.59 | 6.19 |
| Lao PDR | 0.76 | 0.97 |
| Cambodia | - | 6.21 |

स्रोत : ट्यारिफ दर, लागु, भारित औसत, सबै उत्पादनहरू (%), विश्व बैंक ।

## ६. न्यून श्रम उत्पादकत्व

नेपालमा श्रम लागत कम छ । तर उचित संगठनात्मक प्रविधिको अभाव वा अटोमेसनको एकीकरण जस्ता धेरै कारणले यसको उत्पादकत्व कम छ । सन् १९९२ देखि डिसेम्बर २०२१ सम्म नेपालको श्रम उत्पादकत्व वृद्धि औसतमा २.७०% छ, जब कि भारत (४.२३%) र बंगलादेश (३.३३%) नेपालभन्दा अगाडि छन् भने र श्रीलंका (१.२८%) केही पछाडि छ ।[५४] तुलनात्मक रूपमा कम सुधार भएको र जीडीपीमा न्यून प्रतिघण्टा योगदान गरेकाले श्रम उत्पादकत्वमा सुधारको आवश्यकता रहेको प्रस्ट हुन्छ । भुटान, अफगानिस्तान र बंगलादेश जस्ता एसियाली अल्पविकसित देशहरूमा नेपालभन्दा उच्च श्रम उत्पादकत्व दर रहेको कुरा पनि हामीले बिर्सनुहुँदैन । यसले उत्पादकत्वमा प्रतिस्पर्धात्मक लाभ भएका छिमेकी देशहरूको तुलनामा नेपाललाई लगानीकर्ताका लागि कम अनुकूल गन्तव्य बनाउँछ ।

नेपाललाई अर्को देशसँग तुलना गरेर हेरेको अवस्थामा यस्तो भिन्नताले लगानी निर्णयलाई नै असर गर्छ । उदाहरणका लागि, भारतसँगको नेपालको व्यापार सन्धिले भारतीय बजारमा कृषि उत्पादनलगायत प्राथमिक वस्तुका रूपमा सूचीकृत नेपाली वस्तुहरूलाई भन्सारमुक्त र कोटारहित पहुँचको सुविधा दिन्छ । यस्तो अवस्थामा नेपाली बजारमा स्वतन्त्र पहुँचबाट फाइदा उठाउँदै लगानीकर्ताहरूले भारतलाई बढी अनुकूल गन्तव्यका रूपमा हेर्न सक्छन् ।



त्यससँगै, दक्षिण एशियाली समकक्षीको तुलनामा नेपालमा एक घण्टाको कामबाट सिर्जना हुने प्रतिघण्टा जीडीपी न्यून छ । वर्क डेलस्ट (डब्ल्यूडीएल)[५६] जस्ता कारक घटाएर नेपालले श्रम उत्पादकत्व सुधार गर्ने दिशामा कदम चालेको भए तापनि वार्षिक सुधारको गति भने सुस्त रहेको देखिन्छ ।

**सन् २०२१ मा प्रतिघण्टा कार्य जीडीपी (२०१७ को अन्तराष्ट्रिय स्थिर पीपीपी डलरमा) । एलडीसीबाट स्तरोन्तति हुने देशहरू हरियोमा ।**

तालिका ४ : प्रतिघण्टा कार्य जीडीपी (अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने देशहरू निलोमा)

| Country | Year | GDP per hour ($) |
|---|---|---|
| India | 2021 | 8.47 |
| Nepal | 2021 | 3.43 |
| Pakistan | 2021 | 7.67 |
| Sri Lanka | 2021 | 16.62 |
| Bhutan | 2021 | 9.40 |
| Bangladesh | 2021 | 6.38 |
| Afganistan | 2020 | 4.09 |
| Maldives | 2021 | 17.52 |

स्रोत : आईएलओस्टाट 'स्टाटिस्टिक्स अन लेबर प्रडक्टिभिटी' २०२१

## ७. कमजोर भौतिक पूर्वाधार

### यातायात

कठिन भूगोल र मनसुनका कारण नेपालमा सडकमा यात्रा गर्नु र सडकको निर्माण गर्नु दुरुह कार्य बन्न जान्छ । यद्यपि सडक सञ्जाल उल्लेख्य रूपमा विस्तार भई ३०,००० किमि पुगेको छ । २०४७ सालमा नेपालमा सडकको कुल लम्बाई ७,००० किमि थियो । अझै पनि दुईतिहाइभन्दा कम सडक मात्र पक्की भएका छन् भने एशियाका मध्यम आय भएका अर्थतन्त्रको तुलनामा नेपालको सडकको घनत्व औसतभन्दा कम छ ।[५८] यसबारेको विशिष्ट उदाहरण हो इसी सिमेन्ट हो । सरकारले सन् २०१७ मा गरेको चुनढुंगा खानीसम्मको पहुँच मार्ग बनाइदिने सम्झौताअनुसार सडक बनाउन असफल भएपछि रु. २ अर्ब २० करोड खर्च गरेर कम्पनी आफैंले सडक बनाएको थियो ।[५९]




### बिजुली

नेपाल विद्युत् उत्पादनमा आत्मनिर्भर बन्ने दिशामा अघि बढिरहेको छ । सन् १९९० र २०१७ को अवधिमा नेपालको विद्युत् उत्पादन क्षमता २६१ मेगावाटबाट बढेर ११ सय मेगावाट पुगेको छ । तर सुधारका बाबजुद प्रतिश्रमिक उत्पादन क्षमता कम छ र एशियामा मध्यमआय भएका अर्थतन्त्रहरूमा औसत क्षमताको १०% भन्दा कम छ । दक्षताका समस्या पनि छन्, जसमा सुधार पनि भएको छ । तर उत्पादन भएको ऊर्जाको आवश्यकता पर्दा प्रयोग गर्ने गरी भण्डारण भने गर्न सकिएको छैन ।[६०] होङ्सी सिमेन्टकै अर्को उदाहरण छ– नेपाल विद्युत् प्राधिकरणले ४० मेगावाट विद्युत् आपूर्ति गर्ने २१ पाइलन प्रसारण लाइन निर्माण नगरिदिँदा सिमेन्टको उत्पादन क्षमता कम्पनीले इजाजत पाएको १२,००० टन प्रतिदिनबाट घटेर ५,००० टन प्रतिदिनमा सीमित हुन पुगेको थियो ।[६१]



## ८. वित्तीय तथा मानव स्रोतमा अपर्याप्त सहजीकरण



नेपालमा एफडीआई स्वीकृत गर्ने प्रमुख निकाय उद्योग विभाग र लगानी बोर्ड हुन् । तिनीहरूका सम्बन्धित प्रतिनिधिसँग छलफल गर्दा उनीहरूसँग रहेका वित्तीय तथा मानव संसाधन र जारी तथा आगामी परियोजनाहरूको मागका बीचमा सन्तुलन नरहेको देखिन्छ । यसबाट लगानी बोर्ड र उद्योग विभागको वर्तमान क्षमता विद्यमान परियोजना पोर्टफोलियोको प्रभावकारी व्यवस्थापनका लागि अपर्याप्त छ भन्ने प्रस्ट हुन्छ । पूरै विभागको आवश्यकता पर्ने एफडीआई परियोजनाहरूको सहजीकरणमा समेत एकल प्रतिनिधिले काम गरिरहेको देखियो । यसले सहजीकरणमा चुनौती रहेको देखिन्छ । यस्तो विसंगतिले नेपालमा एफडीआई परियोजनाका क्षेत्रको प्रभावकारी निरीक्षण र सहयोग गर्ने एजेन्सीहरूको क्षमतामा शंका गर्ने ठाउँ दिएको छ ।

## ९. अपर्याप्त डिजिटल पूर्वाधार



विद्युत् र यातायातले विकासको सम्भाव्यतालाई साकार पार्ने बाटोमा लागेको आभास गराए पनि नेपालमा डिजिटल पूर्वाधार अझै पनि सुरुवाती अवस्थामा छ । कमजोर डिजिटल साक्षरताका कारण पनि अहिलेको डिजिटल पूर्वाधारले सिर्जना गरेका सेवाप्रति नेपालीहरू कम ग्रहणशील भएका हुन् । टेक्नोलोजी एन्ड इनोभेसन रिपोर्ट, २०२३ मा, नेपालको वरीयता आईसीटीमा १२३, आरएनडीमा १०० र सीपमा १२६औं स्थान सहित पुछारमा छ ।

आवश्यक नियमहरूको अभाव, दक्ष व्यक्तिहरूलाई संस्थामा कायम राख्न कठिनाई, सूचनाप्रविधि पूर्वाधारको अभाव एवं न्यून डिजिटल साक्षरता र प्रविधिको न्यून प्रयागल अहिले नेपालको डिजिटल क्षमतालाई थप समस्यामा पारेको छ ।[६२] सन् २००७ घानामा गरिएको एक अध्ययनले पुराना कानुन र कागजी प्रक्रिया र दस्तावेजको प्रयोग औद्योगिकीकरणका प्रमुख बाधाको रूपमा रहेको निष्कर्ष निकालेको थियो ।[६३] त्यसैगरी, पूर्व-स्थापित परम्परागत विधिले गाडेको जरा र त्यसबाट निःसृत संस्कृतिबाट संक्रमण हुने क्रमले पनि डिजिटल प्रगतिलाई सुस्त बनाउनमा योगदान गरेको छ ।

प्राविधिक रूपमा आशाजनक स्थानीय क्षेत्रमा विदेशी लगानी आमन्त्रित गर्ने लामो कानूनी प्रक्रियाका कारण कहिलेकाहीं कम्पनीले त्यहाँ रहेको छोटो प्रतिस्पर्धात्मक अवधि (विन्डो) गुमाउन सक्छ । टेक पार्क, बायोटेक पार्क, डाटा प्रोसेसिङ, बीपीओ र केपीओ, डाटा माइनिङ र क्लाउड कम्प्युटिङ जस्ता सूचना प्रविधिमा आधारित उद्योगहरूका लागि न्यूनतम लगानी सीमा हटाउनु यस क्षेत्रको विकासका लागि चालिएको एक सकारात्मक कदम हो ।

## १०. लगानी प्रवर्द्धनको कमी


एफडीआई परियोजनाहरूको वित्तीय आकारका आधारमा उद्योग विभाग र लगानी बोर्ड बीच जिम्मेवारी बाँडिएको छ । लगानी बोर्ड आफ्नो कार्यक्षेत्रअन्तर्गतका परियोजनाहरूको प्रवर्द्धनमा सक्रिय भूमिका खेल्छ भने उद्योग विभागले विशेष रूपमा लगानी प्रवर्द्धनमा कार्य गर्ने जिम्मेवारी पाएको छ ।



फलस्वरूप, रु. ६ अर्बभन्दा बढी लगानीका परियोजना बढ्दो प्रवर्द्धनात्मक प्रयासबाट लाभान्वित छन् भने साना आयोजनामा तुलनात्मक रूपमा त्यति ध्यान पुऱ्याइएको पाइएको छैन । प्रवर्द्धन गर्ने प्रयासमा भएको यो असमानताले एफडीआई आकर्षित गर्ने समग्र प्रयासको प्रभावकारितामा प्रत्यक्ष असर गर्न सक्छ । त्यसैले, विभिन्न आकारका परियोजनाका लागि समानुपातिक प्रवर्द्धन रणनीति अपनाउनु आवश्यक छ ।

## ११. राजनीतिक अस्थिरता

राजनीतिक अस्थिरता गहिरोसँग जरा गाडेको समस्या हो, जसले प्रत्यक्ष विदेशी लगानीलगायत अर्थतन्त्रका धेरै क्षेत्रमा प्रत्यक्ष असर गर्छ । विश्व बैंकको राजनीतिक स्थायित्व वरीयताअनुसार २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएयताका ३४ वर्षमा न्यून अंक (-०.२४) का साथ नेपाल १२४औं स्थानमा छ । त्यसयता यहाँ ३० सरकार गठन भए र कुनै पनि प्रधानमन्त्रीले पाँचवर्षे कार्यकाल पूरा गर्न पाएका छैनन् ।[६६] २०५२ देखि २०७७ को अवधिमा राजनीतिक अस्थिरताले एफडीआई आप्रवाहमा उल्टो प्रभाव पारेको देखाइएको छ । २०५७ र २०५९ को बीचमा लगानी विनिवेश बढेको थियो । यद्यपि देशले शान्ति स्थापना र राजनीतिक स्थिरतामा प्रगति गरेसँगै २०६७ बाट पुनः लगानी बढेको देखिन्छ ।[६७] एफडीआई प्रवाहले दुईतर्फी सम्बन्ध पनि देखायो, जहाँ



राजनीतिक अस्थिरताले सम्भावित एफडीआईलाई रोकेको थियो भने एफडीआई प्रवाह भएको १ प्रतिशतको वृद्धिले दीर्घकालीन राजनीतिक स्थिरतामा ०.१४ प्रतिशतले वृद्धि गरेको थियो ।[६८]

ऐतिहासिक रूपमै नेपाल विदेशी लगानीका लागि असंगत राजनीतिक प्रतिबद्धताको सिकार बनेको छ । उदाहरणका लागि अरुण तेस्रो जलविद्युत् परियोजना सन् १९८ को दशकमै परिकल्पना गरिएको थियो । तर मुख्य राजनीतिक दलहरूबीचको विवाद र राजनीतिक मतभेदका कारण सन् २०१४ सम्म ढिलाइ हुन गयो ।[६९] अर्को उदाहरण बूढीगण्डकी जलविद्युत् आयोजना हो, जुन नेतृत्वमा हुने परिवर्तनसँगै हुने असंगत निर्णयको सिकार बनिरहेको छ । सन् २०१७ मा तत्कालिन पुष्पकमल दाहाल नेतृत्वको सरकारले इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन एन्ड फाइनान्सिङ (ईपीसीएफ) मोडालिटीअन्तर्गत चाइना गेजुवा ग्रुप कर्पोरेसन (सीजीजीसी) लाई प्रतिस्पर्धात्मक बोलपत्रबिनै आयोजना निर्माणको ठेक्का दिएको थियो । पछि सोही वर्षको अन्त्यमा तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले ठेक्का दिने क्रममा केही प्रक्रियागत त्रुटि रहेको भन्दै सो निर्णय खारेज गरेको थियो ।[७०] फेरि सन् २०१८ सेप्टेम्बरमा केपी शर्मा ओलीको सरकारले पूर्ववर्ती देउवा सरकारले गरेको आफ्नै साधनस्रोतमा बूढीगण्डकी निर्माण गर्ने निर्णय खारेज गर्दै १२०० मेगावाटको सो परियोजना सीजीजीसीलाई नै पुनःठेक्का दिने निर्णय गरेको थियो ।[७१] हालैको एक घटनामा अन्यायपूर्ण कर व्यवस्था र नियमनको अनिश्चितता रहेको भन्दै आजियाटा ग्रुपले दूरसञ्चार कम्पनी एनसेलबाट आफ्नो लगानी झिकेको छ ।[७२]

नेपालले सकारात्मक नीति निर्माण र सुशासनमा चाहिने जवाफदेहितातर्फ फड्को मारेको छ । संघीय र प्रादेशिक निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूको संख्या बढेको देखिए झैं मानिसहरूले सकारात्मक परिवर्तन र नयाँ अनुहारलाई महत्व दिएका छन् । युवाहरूले दलगत आवद्धताभन्दा विचारधारा, विगतको कार्यसम्पादन र व्यक्तिगत विवरणलाई बढी प्राथमिकता दिएको देखिएको छ ।[७३] राजनीतिक अस्थिरताका कारण प्रायः विदेशी लगानीकर्ताले महसुस गर्ने जोखिममा वृद्धि हुन्छ । नेपालको त्रिशंकु सरकार[७४]ले पनि विदेशी लगानीमा केही अनिश्चितता थपेको छ । किनकि बजेट जस्ता संसद्को बहुमतबाट पारित हुने खासखास नीतिहरूले लगानीकर्तालाई असर गर्छ । अनिश्चित राजनीतिक वातावरणले नीति, नियम वा सरकारी नेतृत्वमा परिवर्तन ल्याउन सक्छ, जसले लगानीको सुरक्षा र लाभको बारेमा अनिश्चितता सिर्जना गर्न सक्छ ।

## १२. असंगत कर व्यवस्था




विगतका वर्षहरूमा कर कानुनअन्तर्गत करका दर र सीमामा धेरै परिवर्तन गरिएको छ । हरेक वर्षका बजेटमा करका दरहरुमा परिवर्तन हुने र करका दरमा स्थायित्व पाइदैन । यसबाहेक, नीति र नियमहरू निरन्तर बढ्दो दरहरूसँगै प्रभावकारी हुँदैछन् । आर्थिक वर्ष २०८०/८१ मा आयकर ऐन, २०५९ मा गरिएको संशोधित व्यवस्था अनुसार वार्षिक रु. ५० लाखभन्दा बढी आम्दानी गर्ने व्यक्तिलाई ३९ प्रतिशत आयकर लाग्ने भएको छ । सरकारले महँगो होटल, रेस्टुरेन्ट र रिसोर्टबाट दिने सेवामा २ प्रतिशत लक्जरी कर लागु गरेको छ । त्यसैगरी १० लाख रुपैयाँभन्दा बढीको बहुमूल्य धातुमा  प्रतिशत विलासी कर लगाइएको छ भने  ट्राभल  एजेन्सीहरूले बेच्ने विदेशी टुर प्याकेजमा ५ प्रतिशत पर्यटन शुल्क लिइन्छ । हरेक वर्ष थपिँदै आएका यस्ता दरले पनि एफडीआई प्रवाहमा अवरोध गर्न सक्छन् ।[७५]

## १३. बहुराष्ट्रिय कम्पनीका लागि जटिल वातावरण

विदेशी लगानी आकर्षित गर्न सरकारले विभिन्न पहलकदमी गरे पनि नेपालको व्यावसायिक वातावरण राम्रो बनाइराख्नमा चुनौतीको सामना गरिरहेको छ । नीतिहरूमा निहित असंगति तथा बारम्बार हुने परिवर्तनका कारण बहुराष्ट्रिय कम्पनीहरूले नेपालमा आफ्नो लगानी कम सुरक्षित ठानेका छन्। यसो हुनुको प्रमुख कारण देशले विश्वव्यापीकरण र निजीकरणको सट्टा समाजवादको नीतिप्रति झुकाव राख्नु हो ।[७६] विदेशमा लगानी गर्न चाहने उद्योगीहरुले लगानीको सुरक्षाको प्रत्याभुति गर्ने पूँजीवादी शासन भएका देशहरूलाई प्राथमिकता दिन्छन्। उपयुक्त नीतिहरूको कार्यान्वयन गरी लगानीको वातावरण निर्माण गर्नमा भएको ढिलाइका कारण बहुराष्ट्रिय कम्पनीहरूले जटिल व्यावसायिक वातावरणको सामना गर्नुपर्छ । यो भनेको सम्भावित लगानीकर्ताहरूको लागि एक अवरोधक हो ।

# ६. एफडीआईका उत्कृष्ट गन्तव्य र तिनका मुख्य आकर्षणका तत्वहरु

## बंगलादेश



- ३६ देशहरूसँग दोहोरो कर छुट सम्झौता (डीटीएए) मा हस्ताक्षर गरेको छ ।
- बंगलादेशमा लगानी गर्ने विदेशी कम्पनीहरूले अधिकृत डिलरहरूसँग सम्पर्क गरेर उनीहरूको मुख्य कार्यालय वा अन्य कुनै स्रोतहरूबाट ब्याजरहित, फिर्ता लैजान सकिने गरी विदेशी मुद्रामै छोटो अवधिको ऋण प्राप्त गर्न सक्छन् ।
- आयातित पुँजीगत मेसिनरी र स्पेयर पार्ट्समा मूल्य अभिवृद्धिकर (भ्याट) लाग्दैन ।
- विदेशी लगानीकर्ताका लागि तीन वर्षको 'बहुप्रवेश भिसा' जारी गर्न सकिन्छ, जब कि विज्ञहरूको हकमा, उनीहरूको कार्य पूरा गर्न आवश्यक सम्पूर्ण समयका लागि भिसा जारी गरिन्छ ।
- एफडीआई प्रवर्द्धन गर्न पेटेन्ट सुरक्षाको अवधि सन् २०२२ मा १६ देखि २० वर्षसम्म बढाइएको छ ।
- न्यूनतम ५,००,००० अमेरिकी डलर लगानी गरेर वा १०,००,००० डलर कुनै पनि मान्यता प्राप्त वित्तीय संस्थामा स्थानान्तरण गरेर नागरिकता प्राप्त गर्न सकिने लचकदार नीति लिइएको छ भने न्यूनतम ७५,००० डलर लगानी गरेर स्थायी आवासको व्यवस्था गरिन्छ ।

## कम्बोडिया



- ९ वर्षसम्मका लागि आयकर छुट वा विशेष ह्रासकट्टी, निर्यात कर छुट, कुल आयातमा भन्सार शुल्क छुट (निर्माण सामग्री, उपकरण, उत्पादन सामग्री), स्थानीय उत्पादन सामग्रीका लागि मूल्य अभिवृद्धि कर छुट र अनुसन्धान तथा विकास, नवप्रवर्तन, प्रशिक्षण, कर्मचारी कल्याण सुविधा र सेवाहरू, योग्य लगानी परियोजनाको मेशिनरीको स्तरवृद्धिका लागि १५०% कर सहुलियत ।
- विशेष आर्थिक क्षेत्रमा वन-स्टप अन-साइट सेवा ।
- चीन-कम्बोडिया स्वतन्त्र व्यापार सम्झौता (सीसीएफटीए) अनुसार चीन र कम्बोडियाबीच व्यापार हुने लगभग सबै सामानमा ट्यारिफ हटाइने, प्रशासनिक प्रक्रियाहरूलाई सरल बनाउने, विवाद समाधानका लागि सटिक र प्रभावकारी संयन्त्र स्थापना गर्ने र ई-कमर्सलाई सहयोग गर्ने ।
- कम्बोडियाले समुद्री यातायातसहितका आफ्नो सेवा क्षेत्र चीनका लागि खोल्ने योजना बनाएको छ, जसले दुई देशबीचको व्यापार २५% सम्म बढाउन सक्छ ।
- सरकारले राष्ट्रिय रणनीतिक विकास योजना (एनडीएसपी) २०१९-२०२३ तथा २०१५-२०२५ का लागि औद्योगिक विकास नीति (आईडीए) र विशेष आर्थिक क्षेत्र (सेज) नीतिहरूका लागि पहल गरेको छ ।

## रुवान्डा



- छ घण्टामा व्यवसाय दर्ता गर्न सकिने ।
- शून्य प्रतिशत कर्पोरेट आयकर, कर्पोरेट ट्याक्स होलिडे र रुवान्डामा मुख्यालय रहेको बहुराष्ट्रिय कम्पनी (एमएनसी)का लागि कर छुट ।
- कुल निर्माण मूल्य १० लाख अमेरिकी डलर वा सोभन्दा बढी भएका निर्माण कार्यमा रुवान्डाको पुनःस्थापनाका लागि म्यानुफ्याक्चरिङ र निर्माण कार्यक्रमअन्तर्गत ग्रिनफिल्ड लगानी प्रोत्साहन गरिएको छ । ब्राउनफिल्ड सम्पत्तिमा पनि प्रोत्साहन उपलब्ध छ, जसअन्तर्गत सम्पूर्ण निर्माण मूल्यको २० प्रतिशत वा १० लाख डलर निर्माण मूल्य समावेश छ ।
- रुवान्डाले लगानीकर्ता, सम्पत्तिका मालिक र उच्च दक्ष व्यक्तिलाई १०-वर्षका लागि नवीकरणीय आवासीय अनुमति उपलब्ध गराउँछ ।
- इज अफ डुइङ बिजनेसमा ३८औं र सम्पत्ति दर्तामा विश्वव्यापी रूपमा तेस्रो र ऋण लिन सहजतामा चौथो स्थानमा छ, जुन संसारकै उत्कृष्टमध्येको एक हो ।

## इथियोपिया



- लगानीको स्थानका आधारमा उत्पादन, कृषि प्रशोधन, र चुनिएका कृषि उत्पादनमा दुईदेखि पाँच वर्षसम्मको आयकर छुट ।
- भन्सार महसुलमा छुट, २-७ वर्षको बीचमा ट्याक्स होलिडे र कृषि तथा कृषि प्रशोधन निर्यात केन्द्रलाई लगानी ऋण (उत्पादनको ७५% निर्यात गर्ने उद्योगलाई) ।
- थप विदेशी लगानी आकर्षित गर्न सन् २०२० मा लगानी कानुन पारित गरियो । न्युयोर्क मध्यस्थता अभिसन्धिमा प्रवेश गरियो, ६० वर्ष पुरानो व्यावसायिक कोड परिमार्जन गरियो र व्यावसायिक दर्ताका साथै व्यवसाय र इजाजतपत्र प्रक्रिया डिजिटलाइज गरियो ।
- विद्युत् उत्पादन र सडक निर्माणमा निजी लगानीलाई अनुमति दिन सार्वजनिक-निजी साझेदारी (पीपीपी) घोषणाको कार्यान्वयन गरियो ।

## भारत



- एफडीआई आकर्षित गर्न भारतमा पूर्वाधार लगानीका अवसरहरू देखाउने राष्ट्रिय पूर्वाधार पाइपलाइन पहलले कुल ९५८१ परियोजनामा १२ खर्ब ९१ अर्ब ३३ करोड अमेरिकी डलर बराबरको लगानी आकर्षित गरेको छ ।
- राज्य र विभिन्न क्षेत्रहरूमा रहेका लगानीका अवसरमा सरल पहुँच बनाउन भारत लगानी ग्रिड (आईआईजी) नामक एकल अन्तर्क्रियात्मक प्लेटफर्म स्थापना गरिएको थियो । यसले हालसम्म १२,२६५ लगानीकर्तालाई दर्ता गरिसकेको छ ।
- राष्ट्रियस्तरमा न्यूनतम लगभग १७८ भारु (२.१५ अमेरिकी डलर बराबर) प्रतिदिनको ज्यालाले लागत-प्रभावी श्रम शक्तिको व्यवस्थापनमा सहयोग गरेको छ र प्रतिस्पर्धात्मक म्यानुफ्याक्चरिङमा योगदान गरेको छ ।
- सन् २०२४ सम्ममा चीनको जनसंख्यालाई पार गर्न प्रक्षेपण गरिएको छ । प्रतिव्यक्ति आयमा वृद्धि र २८ देखि ३० वर्षको उमेरका युवा जनसंख्याका कारण ठूलो बजार सम्भावना सिर्जना भएको छ ।
- स्किल इन्डिया र डिजिटल इन्डिया जस्ता पहलहरूले एक आकर्षक लगानीको वातावरण सिर्जनामा सहयोग गर्छन् ।

# ७. सुझावहरू

यसअघि पहिचान गरिएका चुनौती र अवसरबाट अन्तर्दृष्टि लिंदै र एफडीआईका प्रमुख गन्तव्यहरूबाट सिकेका पाठ अपनाउँदै प्रतिवेदनको यस खण्डले एफडीआईको वातावरणलाई बढावा दिन रोडम्याप प्रदान गर्ने लक्ष्य लिएको छ। अल्प, मध्यम र दीर्घकालका लागि सिफारिस प्रस्तुत गरेर हामीले एफडीआई प्रवर्द्धन र दिगोपनका चुनौतीलाई सम्बोधन गर्ने व्यापक र व्यावहारिक योजना प्रस्ताव गर्ने लक्ष्य राखेका छौं। यसको मुख्य उद्देश्य भनेको प्रत्यक्ष विदेशी लगानी आकर्षित, सहजीकरण र अनुकूलन गर्न सक्ने वातावरण निर्माण गर्न नीतिनिर्माता, लगानीकर्ता र सरोकारवालालाई मार्गदर्शन गर्नु हो।

## अल्पकालीन सुधारका लागि सुझाव

तत्कालका लागि अभ्यासमा आउन बाँकी विद्यमान नीतिको कार्यान्वयनमा हाम्रो प्राथमिक ध्यान हुनुपर्छ। कार्यान्वयन प्रक्रियालाई सुव्यवस्थित बनाएर मात्र हामीले यी नीतिले प्रक्षेपण गरेका लाभ प्राप्त गर्न सक्छौं र उपयुक्त लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्न सक्छौं। हालको परिदृश्यमा अल्पकालीन भन्नाले यहाँ प्रस्तुत गरिएका सिफारिसहरूको कार्यान्वयन यस वर्षभित्र गर्ने भन्ने बुझ्नुपर्छ।

छोटो अवधिका लागि हाम्रा सिफारिस यसप्रकार छन्–

### १. परिष्कृत एकल बिन्दुसेवा केन्द्र



सही दिशामा चालिएको एक कदमका रूपमा रहे पनि हालकै अवस्थामा एकल बिन्दु सेवा केन्द्र राम्रोसँग सञ्चालन हुने कल्पना गर्न सकिँदैन। केन्द्रले सम्बन्धित कागजातहरू सम्बन्धित निकायमा पठाउन मद्दत त गरेको छ। तर त्यहाँ अझै केही समस्या छन्–

- लगानीकर्ताहरूले अझै पनि प्रत्येक विभागका लागि बेग्लाबेग्लै कागजात तयार गर्नुपर्ने अवस्था छ।
- केन्द्रमा खटिएका प्रतिनिधिहरूलाई सबै निर्णय गर्न सक्ने अधिकार छैन। त्यसैले उनीहरूको काम भनेको अधिकार प्राप्त अधिकारीलाई फाइल पठाउनु र आफूले पनि घोषणा पर्खिनु हो।
- ओएसएससीमा सबै विभागका प्रतिनिधि उपस्थित छैनन्।
- ओएसएससीको कामको अनुगमन गर्ने र त्यहाँ रहेका १४ जिम्मेवार निकायबाट प्रतिबद्धताको माग गर्ने कानुनको अभाव छ। **सुधारिएको वन-स्टप सर्भिस सेन्टरले उल्लिखित समस्याहरूमा निम्न प्रकारका समाधान गर्न खोज्न सक्छ–**
- सबै विभागहरूका लागि पूरा गर्नुपर्ने आवश्यकता लगानीकर्तालाई सहज रूपमा बुझाई मार्गनिर्देशन प्रदान गरेर कागजात तयार गर्ने प्रक्रियामा सहयोग गर्ने र लगानीकर्ताले ओएसएससीभित्र रहेका विभिन्न विभागहरूमा बेग्लाबेग्लै कुरा गर्नुको साटो एक प्रतिनिधिसँग मात्र अन्तर्क्रिया गरे पुग्ने प्रक्रियालाई सहज बनाउने।
- ओएसएससीमा लगानीकर्ताका साना समस्या र जिज्ञासा समाधान गर्न प्रतिनिधिलाई अधिकार प्रदान गर्ने। ठूला लगानीकर्ताका सरोकारलाई भने सम्बन्धित विभागहरूमा पठाएर समाधान खोज्न सकिन्छ।
- केन्द्रमा रहेका सम्बन्धित विभागहरूलाई आफ्नो भूमिका निर्वाह गर्न र ती सबैलाई एकैसाथ केन्द्रमा राख्न जोड दिने।

### २. हालका एफडीआईबाट सञ्चालित उद्योगको प्रचार



नेपालमा सञ्चालित युनिलिभर, डाबर, कोका-कोला, आदि जस्ता धेरै कम्पनी एफडीआईबाट स्थापित हुन्। तिनले यहाँ राम्रो व्यवसाय गरिरहेका छन्। यद्यपि, यस्ता कम्पनीको सफलताको प्रचारप्रसार गरी नेपालमा थप एफडीआई आकर्षित गर्न पर्याप्त पहल हुन सकेको छैन। त्यस्ता कम्पनीको मार्केटिङ गर्ने हो भने त्यसले नेपालतर्फ आउने एफडीआईमा सकारात्मक प्रभाव पार्नेछ। नेपालमा लगानीको अनुकूल वातावरण सुनिश्चित गर्न यो एक सही र निर्णायक कदम हुनेछ।

## मध्यकालका लागि सिफारिस

नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने समय नजिकिँदै गर्दा लगानीको वातावरणलाई जतिसक्दो चाँडो सुदृढ गर्नु अहिलेको आवश्यकता हो । यसअनुरूप आवश्यक नतिजा प्राप्त गर्न कतिपय दीर्घकालीन रणनीतिलाई मध्य अवधिमै पूरा गर्नुपर्छ भन्ने कुरा बुझ्नु आवश्यक छ । हाम्रो मूल्यांकनको मध्य-अवधि सन् २०२६ मा हुने मुलुकको स्तरोन्नतिको लक्ष्यसँग पङ्क्तिबद्ध गर्दै, दुईदेखि तीन वर्षसम्म रहनेछ। तल लिखित सिफारिसहरूको अपेक्षित परिणाम नेपालको स्तरोन्नति हुने वर्ष वा त्यसको एक वर्ष भित्रमा प्राप्त हुने अपेक्षा गरिएको छ ।

## १. उद्योग विभाग र लगानी बोर्ड नेपालको क्षमता बढाउने



उद्योग विभाग र लगानी बोर्ड दुवैको कार्यसञ्चालन दक्षतालाई व्यापक स्तरमा बढाउन, तिनीहरूको क्षमता वृद्धि अनिवार्य छ । विशेष गरी, सही र अन्तर्दृष्टिपूर्ण विश्लेषणका लागि वार्षिक तथ्यांकको प्रयोग गर्ने क्षमता भएको लगानी प्रवर्द्धन विभागको स्थापनाले उद्योग विभागलाई फाइदा पुग्नेछ । यस विभागले नेपाललाई लगानीको गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । यसबाहेक, त्यस्ता प्रवर्द्धनात्मक प्रयासले उद्योग विभागको वित्तीय दायराभित्र पर्ने लगानीकर्ताको ध्यान खिच्दै उसको क्षेत्राधिकार अन्तर्गतका परियोजनालाई अघि बढाउन सकिन्छ ।

त्यसैगरी, अधिकतम रूपमा आफ्नो जिम्मेवारी पूरा गर्न लगानी बोर्डले वित्तीय र मानव संसाधन दुवैलाई बलियो बनाउनु आवश्यक छ । थप स्रोतको सेचनले बोर्डलाई आफ्नो कार्यक्षेत्रभित्रका परियोजनाको प्रभावकारी सहजीकरणका लागि आवश्यक दक्ष जनशक्ति नियुक्त गर्न सक्षम बनाउनेछ । प्रत्यक्ष विदेशी लगानी (एफडीआई) का लागि थप अनुकूल वातावरणलाई बढावा दिन र नेपाललाई लगानीको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न दुवै संस्थाको क्षमतामा रणनीतिक सुधार गर्नु अत्यावश्यक छ ।

## २. एकल एजेन्सीमार्फत सुधारिएको लगानी क्षमता र प्रवर्द्धनः



डीओआई र आईबीएनको मुख्य सरोकारको विषय होइन एफडीआई, यो त उनीहरूको प्रमुख जिम्मेवारी हो । जलविद्युत् र सिमेन्ट उद्योगसँग सम्बन्धित धेरै ठूला लगानीका लागि वार्ता र सहजीकरण गर्न लगानी बोर्ड सफल भएको छ भने प्रवर्द्धन गतिविधिका साथै ठूला लगानीकर्ताहरूलाई फलोअप र लगानीपछिको हेर चाहका कार्यहरू गरिरहेको छ। यद्यपि, फराकिलो र दिगो प्रभाव पार्न आईबीएनले सबै स्तरका लगानीकर्ताका लागि सहजीकरण र सञ्चारको केन्द्रबिन्दुका रूपमा काम गर्नुपर्छ। अहिले आईबीएनले पीपीपी परियोजनाको व्यवस्थापन जस्ता अन्य कार्य पनि सञ्चालन गरिरहेको छ।[७६] यद्यपि तीव्र गतिमा काम गर्न र राम्रोसँग यति धेरै जिम्मेवारी सम्हाल्नका लागि उसँग पर्याप्त स्रोत नहुन पनि सक्छ (सिफारिस १ हेर्नुहोस्) । यस एकल एजेन्सीमार्फत स्रोतहरूको एकीकरणले सेवाको प्रवाहमा एक प्रकारको स्थिरता बनाउनेछ र सबै तह र प्रकारका लगानीकर्ताहरूका लागि समान मापदण्डमा रहेर काम सम्पन्न हुनेछ। सरोकारवालासँग कार्य गर्दा हुने भ्रम कम गर्न पनि यसले भूमिका खेल्नेछ।

लगानीकर्तालाई नेपाल ल्याउन र उनीहरूलाई यहाँ कायम राख्न डीओआई र आईबीएनको क्षमता निर्माण आवश्यक छ। त्यसका लागि यी संस्थाले सुझाव सम्बोधन गर्ने, सूचना प्रवाह गर्ने, गुनासो सुन्ने, विवाद समाधान गर्ने र लगानीकर्ताले सामना गर्ने समस्याबारे सम्बन्धित नियामक निकायहरूलाई जानकारी गराउनेलगायत विधि अपनाउनुपर्छ। 'लगानीकर्ता नै नेपालका लागि अवैतनिक राजदूत हुन्,' एक विदेशी लगानीकर्ताले भनेका छन्। अंकटाडको एक्सन लाइन नाइनका अनुसार लगानी सहजीकरणलाई सहयोग पुऱ्याउन आईपीएहरू[७७] मा ध्यान केन्द्रित गर्न केही क्षमता निर्माणका क्षेत्र आवश्यक पर्छन्। जस्तै–

- लगानीयोग्य परियोजनाको प्रस्ताव बनाउने र परियोजना मूल्यांकन गर्ने र त्यस्ता परियोजनाको विकासका लागि पाइपलाइन बनाउने कार्यमा निपुणता हासिल गर्ने ।
- दिगो लगानी निर्देशित र प्रवर्द्धन गर्न विशेषज्ञता निर्माण गर्ने ।
- हालको उद्योग व्यवसायको विस्तार आदि कार्यका लागि लगानीकर्तालाई लगानीपछि पनि सेवा र संरक्षण उपलब्ध गराउन क्षमता विकास गर्ने ।
- स्थानीयस्तरका सरोकारवाला अर्थात् सरकार र उद्यम सरोकारवालाबीचको सम्बन्धमा सहजीकरण गर्ने ।
- अन्तर्राष्ट्रिय लगानीकर्तालाई जिम्मेवार व्यावसायिक आचरण अपनाउने बनाउन विभिन्न ढाँचा अपनाउने ।

## ३. क्षेत्रगत मन्त्रालयबीचको समन्वय सुदृढ गर्ने



संघीय संरचनाभित्र अख्तियारको विकेन्द्रीकरणले विभिन्न तहका सरोकारवालाको संलग्नता बढाएको छ, जसको फलस्वरूप एफडीआई स्वीकृति प्रक्रियामा संलग्न सहभागीका विविध श्रेणीका बीच नै समन्वयमा चुनौती देखिएको छ ।

प्रभावकारी समन्वयलाई बढावा दिन सबै नियामक निकायबीच साझा समझदारी बनाउनु त्यस्तो चुनौतीको समाधानको आधारभूत उपाय हो । यसले स्वीकृति प्रक्रियामा हुने अन्योललाई पनि समाधान गर्नेछ र दोहोरो मापदण्डका घटना कम गर्न मद्दत गर्नेछ । यसबाहेक, स्वीकृति प्रक्रियालाई सुव्यवस्थित गर्न क्षेत्रगत मन्त्रालयहरूबीचको समन्वय अभिवृद्धि पनि उत्तिकै महत्वपूर्ण छ । हाल लगानीकर्ताहरूले स्वीकृतिका विभिन्न तहमा घुम्दै धेरै संस्थाहरूबाट स्वीकृति लिनुपर्ने स्थिति छ ।

## ४. प्राथमिकता क्षेत्रहरू पहिचान गर्ने

नेपालको वर्तमान आर्थिक परिदृश्यमा धेरै उद्योगहरूको मिश्रण देखिन्छ । त्यसैले सरकारी नीतिहरूले देशलाई सबैभन्दा ठूलो आर्थिक लाभ प्रदान गर्ने क्षेत्रहरूमा एफडीआईलाई मान्यता दिनुपर्छ । त्यसपछि त्यस्ता क्षेत्रमा लगानी ल्याउन सहयोग गर्नुपर्छ । तलको तालिकामा औद्योगिक क्षेत्रले रोजगारी र कुल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदान प्रस्तुत गरिएको छ ।

### रोजगारीमा उद्योगहरूको योगदान[७८]

### तालिका ५ : रोजगारीमा उद्योगहरूको योगदान

| क्रसं | औद्योगिक वर्गीकरण | रोजगारीमा योगदान प्रतिशत | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | कुल |
| १ | कृषि, वन तथा मत्स्यपालन | १४.७ | ३३.० | २१.५ |
| २ | खानी तथा उत्खनन | १.० | ०.६ | ०.८ |
| ३ | म्यानुफ्याक्चरिङ | १६.२ | १३.४ | १५.१ |
| ४ | विद्युत्, ग्यास, बाफ तथा एयर कन्डिसनिङ आपुर्ति | ०.६ | ०.३ | ०.५ |
| ५ | खानेपानी, ढल, फोहोर व्यवस्थापन र मर्मत कार्य | ०.८ | ०.३ | ०.६ |
| ६ | निर्माण | १९.५ | ४.२ | १३.८ |
| ७ | थोक तथा खुद्रा व्यापार, मोटर तथा मोटरसाइकल मर्मत | १५.६ | २०.६ | १७.५ |
| ८ | यातायात तथा भण्डारण | ७.१ | ०.३ | ०.४ |
| ९ | आवास तथा खाद्य सेवा | ४.६ | ६.३ | ५.२ |
| १० | सुचना तथा सञ्चार | १.१ | ०.५ | ०.९ |
| ११ | वित्तीय तथा बिमा | १.४ | २.१ | १.७ |
| १२ | घरजग्गा | ०.३ | ०.१ | ०.२ |
| १३ | पेसागत, वैज्ञानिक र प्राविधिक कार्य | ०.८ | ०.३ | ०.६ |
| १४ | प्रशासनिक र सहायता सेवा | १.३ | ०.२ | ०.९ |
| १५ | सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामाजिक सुरक्षा | २.४ | १.१ | १.९ |
| १६ | शिक्षा | ६.८ | ९.६ | ७.९ |
| १७ | मानव स्वास्थ्य र सामाजिक कार्य, अन्य सेवा | १.८ | ३.५ | २.४ |
| १८ | कला, मनोरञ्जन र पुनर्ताजगी | ०.७ | ०.१ | ०.५ |

| | | | | |
|---|---|---|---|---|
| १९ | अन्य सेवाहरू | **२.७** | **१.४** | **२.२** |
| २० | निजी घरपरिवार | **०.६** | **१.८** | **१.०** |
| २१ | बाह्य संगठन तथा निकायका गतिविधिहरू | **०.३** | **०.२** | **०.२** |

स्रोत : केन्द्रीय तथ्यांक कार्यालय, नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन २०७३/७४

## जीडीपीमा क्षेत्रगत योगदान (%)[७९]

### तालिका ६ : जीडीपीमा क्षेत्रगत योगदान (%)


| क्रसं | औद्योगिक वर्गीकरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ संशोधित | २०७८/७९ अनुमानित |
|---|---|---|---|---|---|
| | | २०१८/१९ | २०१९/२० | २०२०/२०२१ | २०२१/२०२२ |
| १ | कृषि, वन तथा मत्स्यपालन | २४.९२ | २५.१६ | २४.९० | २३.९५ |
| २ | खानी तथा उत्खनन | ०.६६ | ०.६० | ०.५९ | ०.५८ |
| ३ | म्यानुफ्याक्चरिङ | ५.७५ | ५.०८ | ५.४५ | ५.६५ |
| ४ | विद्युत्, ग्यास, बाफ तथा एयर कन्डिसनिङ आपुर्ति | १.०१ | १.१८ | १.१४ | १.३७ |
| ५ | खानेपानी, ढल, फोहोर व्यवस्थापन र मर्मत कार्य | ०.५९ | ०.५९ | ०.५६ | ०.५१ |
| ६ | निर्माण | ७.०१ | ६.२३ | ५.९५ | ६.१७ |
| ७ | थोक तथा खुद्रा व्यापार, मोटर तथा मोटरसाइकल मर्मत | १६.२५ | १५.०२ | १५.९६ | १६.४० |
| ८ | यातायात तथा भण्डारण | ६.४६ | ५.२६ | ५.३६ | ५.९८ |
| ९ | आवास तथा खाद्य सेवा | २.२६ | १.४७ | १.६० | १.६५ |
| १० | सुचना तथा सञ्चार | २.२२ | २.२४ | २.२२ | २.०९ |
| ११ | वित्तीय तथा बिमा | ६.२० | ७.०६ | ७.०१ | ६.८६ |
| १२ | घरजग्गा | ८.८५ | ९.४२ | ९.०९ | ८.७९ |
| १३ | पेसागत, वैज्ञानिक र प्राविधिक कार्य | ०.९८ | १.०३ | १.०१ | ०.९९ |
| १४ | प्रशासनिक र सहायता सेवा | ०.७६ | ०.८१ | ०.८० | ०.७८ |
| १५ | सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ६.५४ | ८.०७ | ७.८५ | ७.७३ |
| १६ | शिक्षा | ७.५३ | ८.४१ | ८.१० | ८.१० |
| १७ | मानव स्वास्थ्य र सामाजिक कार्य, अन्य सेवा | १.४९ | १.७६ | १.७८ | १.७९ |
| १८ | कला, मनोरञ्जन र पुनर्ताजगी; अन्य सेवा गतिविधि र रोजगारदाताका रूपमा घरपरिवारका गतिविधि; आफ्नै प्रयोगका लागि घर परिवारका अविभाज्य वस्तु र सेवा उत्पादन गर्ने गतिविधि | ०.५४ | ०.६२ | ०.६३ | ०.६१ |

स्रोत : केन्द्रीय तथ्यांक कार्यालय, जीडीपी २०७८

कुल गार्हस्थ्य उत्पादन र रोजगारी दुवैमा कृषिलाई प्रमुख उद्योगका रूपमा मान्न सकिन्छ । उत्पादन, निर्माण, शिक्षा र यातायात जस्ता क्षेत्रहरूले पनि जीडीपीमा ठूलो योगदान दिन्छन् । आगामी वर्षको नीतिगत परिप्रेक्षमा यस्ता उद्योगहरूलाई क्रमशः मान्यता दिने र राष्ट्रिय हित हुनेगरी एफडीआईमार्फत त्यस्ता क्षेत्रको उत्थान गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ । त्यसैगरी, सरकारले एफडीआई प्राथमिकताका क्षेत्रहरूमा पूरक उद्योगहरूलाई थप प्रवर्द्धन गर्न र लगानीकर्ताहरूका लागि थप अवसर खोल्न 'पिक एन्ड सोभेल इन्भेस्टिङ'[८०] नीति अपनाउन सक्छ ।

## ५. सबल क्रेडिट रेटिङ मूल्यांकनका लागि आधार निर्माण गर्ने

सन् २०१९ मा नेपालको सार्वभौम क्रेडिट रेटिङको प्रयास भए पनि त्यो नहुँदा अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि देशको क्रेडिटयोग्यता मूल्यांकन गर्न चुनौती भएको छ । देशले जारी गर्ने बन्डहरूसँग सम्बन्धित जोखिम नाप्न र मुलुकको लगानी वातावरणबारे अन्तर्दृष्टि प्रदान गर्न सार्वभौम क्रेडिट मूल्यांकन सहायक हुन्छन् । कम लागतमा ऋणपत्र जारी गर्न र विकास वित्तीय संस्थाहरू (डीएफआई) बाट सहायता र सहुलियतपूर्ण ऋण प्राप्त गर्न राम्रो सार्वभौम क्रेडिट रेटिंङ प्राप्त गर्नु महत्वपूर्ण हुन्छ ।



सन् २०२० सम्ममा नेपालको कुल बाँकी ऋण देशको जीडीपीको ४०.१६ प्रतिशत थियो । यसले सामाजिक र भौतिक पूर्वाधार विकास कोषका लागि विदेशी ऋणपत्र जारी गर्ने सम्भाव्यता दर्साउँछ । राम्रो सार्वभौम क्रेडिट रेटिङले विदेशी लगानी आकर्षित गर्ने मात्र होइन, राजनीतिक र आर्थिक स्थायित्व पनि दर्साउँछ, जसले निजी लगानीकर्ताको मनोबल बढाउँछ ।

राजनीतिक स्थिरता, आर्थिक सम्भाव्यता, वित्तीय लचिलोपन र मौद्रिक स्थिरता जस्ता सार्वभौम क्रेडिट रेटिङका प्रमुख निर्धारकमा भने प्रशस्त चिन्ता गर्नुपर्ने ठाउँ छ । केही सूचकमा सुधार भए तापनि नेपालको समग्र कार्यसम्पादनले ऋण डिफल्टको जोखिम रहेको देखाउँछ ।[८१] यद्यपि, युरोमनी कन्ट्री रिस्क इन्डेक्सले नेपालको राम्रो रेटिङको सम्भावना रहेको भन्दै सकारात्मक परिणामतर्फ संकेत गरेको छ ।

कमजोर सार्वभौम क्रेडिट रेटिङले उच्च जोखिमलाई संकेत गरे पनि कुनै पनि रेटिङ हुनु भनेको लगानीकर्ताका लागि सोहीअनुरूप ब्याज दर समायोजन गर्न सहयोग पुग्नु हो । त्यसभन्दा अगाडि बढ्दै गर्दा हामीले उच्च क्रेडिट रेटिङका लागि अनुकूल वातावरण निर्माणमा ध्यान केन्द्रित गर्नुपर्छ । यसले लगानी गन्तव्यका रूपमा नेपालप्रति लगानीकर्ताको धारणा सकारात्मक बनाउन सक्छ ।

## ६. भायबिलिटी ग्याप फन्डको पहिचान गर्ने र त्यसको सुविधा दिने

एफडीआईले धेरै आर्थिक उपाय र अवसर खोल्छ, जसले दीर्घकालीन रूपमा स्थानीय समृद्धिमा टेवा पुग्छ । सम्भावित नाफाको अभावमा फराकिलो र दिगो प्रभाव पार्ने क्षेत्रहरूबाट लगानीकर्ता पछि नहटून भन्ने सुनिश्चित गर्न उनीहरूका लागि पूरक सहयोग तयार गर्ने र उपलब्ध गराउने कार्य गर्नुपर्छ । परिवर्तनकारी पूर्वाधार र जलाशयमा आधारित जलविद्युत् जस्ता केही परियोजना भविष्यका लागि एफडीआई प्राथमिकता हुन् । तर सम्पन्न हुन लामो समय लाग्ने भएकाले यस्ता परियोजना तत्कालका लागि लाभदायक हुँदैनन ।



यसै कुरालाई ध्यानमा राखेर आव २०८०/८१ को बजेटले निजी लगानीकर्ताहरूलाई पूर्वाधार परियोजनाहरूमा लगानी गर्न सक्षम र पूरक वित्तीय सहयोग उपलब्ध गराउन हाइब्रिड एन्युइटी मोडल (एचएएम) र भायाबिलिटी ग्याप फन्डिङ (भीजीएफ) जस्ता पीपीपी उपकरणमार्फत सहायता दिन 'पूर्वाधार कोष'को घोषणा गरेको छ ।[८२] राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी वा राष्ट्रिय प्राथमिकताका आयोजना, सरकारद्वारा पहिचान गरिएका बहुउद्देश्यीय जलाशययुक्त जलविद्युत्, यातायात पूर्वाधार, कृषि क्षेत्र आधुनिकीकरण, फोहोरबाट ऊर्जा उत्पादन, खानेपानी प्रशोधन वा फोहोर पानी प्रशोधन र लगानी बोर्डद्वारा तोकिएका अन्य आयोजनाहरूमा भीजीएफ सहयोग उपलब्ध हुने बताइएको छ ।[८३] एक निजी इक्विटी फर्ममा प्रबन्ध निर्देशक रहेका हाम्रा एक अन्तर्वार्तादाताले पूर्वाधार विकासमा भीजीएफको महत्व दोहोऱ्याएका छन् । दीर्घकालीन रूपमा सरकारलाई दिगो सामाजिक परियोजना चाहिन्छ भने व्यवसायका लागि नाफामूलक परियोजना चाहिन्छ र प्रभावकारी लगानी प्रवर्द्धन गर्न दुवै आवश्यकता पूरा गर्नुपर्छ ।[८४]

## दीर्घकालका लागि सुझाव

मुलुकको विकासशीलमा स्तरोन्नति हुने कालखण्डभन्दा पछाडिसम्म विस्तार हुने दीर्घकालीन लक्ष्य महत्वपूर्ण नीतिगत सुधार र एफडीआई वृद्धिका लागि बलियो रोडम्याप बनाउने विषयमा केन्द्रित हुनुपर्छ । यसले वातावरणीय सरोकार जस्ता विश्वव्यापी मुद्दाहरूलाई सम्बोधन गर्दा विद्यमान एफडीआईबाट हुने लाभको पुनः लगानीको मुद्दा पनि समेटेको हुन्छ । नेपालमा लगानीको

वातावरण अभिवृद्धि गर्न र अन्तर्राष्ट्रिय बजारमा स्थानीय व्यवसायको कार्यसम्पादन र वृद्धिलाई निरन्तरता दिने दिशामा एफडीआईको समग्र नीतिगत प्रारूप केन्द्रित हुनुपर्छ ।

## १. प्रमाणमा आधारित नीति निर्माणको प्रयोग



पछिल्लो एक दशकमा एफडीआईसम्बन्धी नीतिमा धेरै परिवर्तन भए पनि, अधिकांश नीति अझै लागु हुन सकेका छैनन् । नीतिहरूमा गरिने ठूलो संशोधनले विसंगति प्रदर्शन गर्छ र लगानीकर्ताको मनोबल गिराउने काम गर्छ । लगानीकर्ताको मनोबल थप बढाउन निरन्तर नीतिगत विकासका लागि दृढ प्रतिबद्धता चाहिन्छ । समसामयिक परिदृश्यमा, प्रत्येक लगानीका क्षेत्रको आवश्यकतासँग ठ्याक्कै मिल्ने नीतिको प्रत्याभुति गर्न तथ्यमा आधारित निर्णयका लागि तथ्यांकको सहयोग लिनु महत्वपूर्ण छ । यसबाहेक, सघन परामर्शमार्फत सरोकारवालाहरूसँगको सक्रिय संलग्नताले समावेशी र सहज नीति निर्माणमा योगदान गर्छ ।

तर नीति तर्जुमाको एउटा ज्यादै महत्वपूर्ण पक्ष भनेको त्यसको कार्यान्वयन हो । अहिले नीतिको कार्यान्वयनमा धेरै ढिलाइ भइरहेको छ, जस्ले अपेक्षित परिणामको प्राप्तिमा पनि बाधा पुऱ्याएको छ । तसर्थ लगानीका लागि अनुकूल वातावरण बनाउन र नियामक प्रारूपमा लगानीकर्ताको विश्वास कायम राख्न नीतिहरूको समयोचित कार्यान्वयनमा विशेष जोड दिनु सबैभन्दा महत्वपूर्ण हुन जान्छ । 'कागजी रूपमा हामीले कानुन निर्माणमा ठूलो परिवर्तन ल्याएका छौं । तर त्यसको उचित कार्यान्वयनमा भने कमी छ ।'[८६]


## २. वातावरणीय प्रभावलाई ध्यान दिने



एफडीआईको वृद्धिसँग प्रविधिको हस्तान्तरण जोडिएको हुन्छ, जसले गन्तव्य मुलुकमा सीप, उत्पादकत्व र अन्य अमूर्त सम्पत्तिको वृद्धिमा योगदान गर्छ । तर अहिलेका गतिशील नयाँ अर्थतन्त्रहरू आफ्ना पूर्ववर्तीहरूले ऐतिहासिक रूपमा सामना गरे झैं पर्यावरणीय बोझबाट पीडित हुन बाध्य छैनन् । सन् १९९६ देखि २००७ सम्मको प्राविधिक परिवर्तनले सामान्यतया उत्सर्जन कम गर्न मद्दत गरेको ९५ देशमा गरिएको कार्बन उत्सर्जनको केस स्टडीले पत्ता लगाएको छ ।[८७]

औद्योगिकीकरणको वृद्धि बौद्धिक सम्पत्ति (आईपी) र अमूर्त सम्पत्तिको एफडीआईको एक अर्को स्पिलओभर (विस्तार) हो । विदेशी लगानीकर्ताहरूले नेपालमा आईसीटी क्षेत्रमा लगानी गर्ने हो भने उनीहरूको अवधारणाको सुरक्षा धेरै महत्वपूर्ण हुनेछ । एफडीआईको प्रवाहले नेपाललाई यसको डिजिटल कमर्स र ई-गभर्नेन्स विधिहरूलाई अझ बलियो बनाउन मद्दत गर्दै चक्रीय प्रभाव उत्पन्न गर्नेछ । र त्यसले भविष्यमा थप एफडीआई प्रवाहलाई सहज बनाउनेछ । यसले नेपाललाई अटोमेसनका उपाय अपनाएर कम श्रम कुशलताको समस्या समाधान गर्न पनि मद्दत गर्न सक्छ ।

## ३. प्रविधिको विस्तारबाट लाभ लिने




विदेशी लगानीको वातावरण फराकिलो हुँदै जाँदा नेपालले प्राविधिक स्पिलओभर (विस्तार)को लाभ पाउनेछ । हालैका सैद्धान्तिक मोडेलहरूले विदेशी लगानीलाई प्रविधि हस्तान्तरणको माध्यमका रूपमा स्वीकार गरेका छन् र विदेशी सम्बन्धनप्राप्त स्थानीय व्यवसायको सिकाइ र लागत-प्रभावकारिताले गन्तव्य देशमा महत्वपूर्ण स्पिलओभर प्रभाव पारेको प्रमाणित गरेका छन् । आयोजक देशमा राजनीतिक स्थिरता र प्रविधि हस्तान्तरणका लागि ग्रहणशीलता भए यस्तो स्पिलओभर थप बढेको पाइएको छ ।९१ स्थानीय उद्यमहरूले अवलोकनमार्फत सिक्ने 'डेमन्स्ट्रेसन इफेक्ट' वा विदेशी लगानीले ल्याउने जबरजस्तीको प्रतिस्पर्धात्मक वातावरणमार्फत स्पिलओभरहरू प्रवाहित गर्न सकिन्छ ।

यसका अतिरिक्त, सन् २०२२ को फ्रन्टियर टेक्नोलोजिज रेडिनेस इन्डेक्समा ०.३५ रेटिङको साथ नेपाल उच्च वरीयताको अतिकम विकसित मुलुक देश हो । वित्तीय पहुँचमा राम्रो सुधार गरेका कारण नेपाल सन् २०२२ मा तीन स्थान माथि उक्लिँदै १०६औं स्थानमा पुगेको छ ।९२ यसले बिग डाटा, क्लाउड कम्प्युटिङ र अटोनोमस सिस्टम जस्ता क्षेत्रमा लगानीका लागि अझ खुला वातावरणको बीउ रोप्दै नेपाल अझ राम्रो गर्ने दिशामा अगाडि बढिरहेको देखाउँछ ।

यहाँ चासोको कुरा भनेको बौद्धिक सम्पत्ति र अमूर्त सम्पत्तिको हो । नेपालको आईसीटी क्षेत्रमा लगानी गर्ने विदेशी लगानीकर्ताका लागि उनीहरुको व्यावसायिक वा सिर्जनशील अवधारणाको सुरक्षा ज्यादै महत्वपूर्ण विषय हो । प्रत्यक्ष विदेशी लगानीको आप्रवाहले यहाँ एक चक्रीय प्रभाव सिर्जना गर्नेछ जसले नेपाललाई आफ्नो डिजिटल कमर्स र विद्युतीय सुशासनका विधिहरूलाई अझ सबल बनाउन मद्दत गर्नेछ । र, यसले भविष्यमा थप विदेशी लगानीको आप्रवाहलाई अझ सहज बनाउनेछ । यसले अटोमेशनका विभिन्न मार्गहरू सुरु गरेर नेपालमा रहेको न्यून श्रम कुशलतामा सुधार ल्याउने दिशामा पनि मद्दत गर्न सक्छ ।

## ४. संरक्षणवादी नीतिमा सुधारः



विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा राखिएको प्रतिवन्धित सूचीले नेपाल आफ्ना स्थानीय उद्यमी तथा उद्योगहरुको संरक्षणमा तत्पर छ भन्ने देखिन्छ। वास्तवमै यहाँका धेरैजसो साना उद्यमीहरु कुखुरापालन, दुग्ध र साना खेती जस्ता व्यवसायमा संलग्न छन्। नेपालका विविध समुदायमा भूमिको सदुपयोग गर्नेबारे आफ्नै प्रकारको ज्ञान र सीप छ। नेपालको छिमेकी बंगलादेशमा कृषि, मत्स्यपालन र पर्यटन[93]लाई लगानीको प्राथमिकतामा राखे पनि साना उद्योगहरूलाई नकारात्मक सूचीमा राखेर संरक्षण दिइएको छ।[94] बजेटबाटै कृषिमा रु. ५५.९७ अर्ब[95] बजेटको व्यवस्था गरेर नेपालले यस क्षेत्रको विकासका लागि ध्यान दिएको देखिन्छ।

अचानक बाह्य शक्तिको सामना र स्थानीय उद्यमीहरूसँग प्रतिस्पर्धा रोमाञ्चक र चिन्ताजनक हुन सक्छ। तर प्रमाणहरूले के देखाएका छन् भने कडा संरक्षणवादको नीतिले पनि नेपाल जस्ता आयात-निर्भर देशमा आपूर्ति झटकाको प्रभाव बढाउन सक्छ। संरक्षणवादलाई एफडीआई बजारको पतनको कारण भनेर चिनिए पनि उद्योगअनुसार संवेदनशीलताको स्तर फरक हुन्छ। अन्य क्षेत्रहरूको तुलनामा कृषि क्षेत्रमा आउने विदेशी लगानी संरक्षणवादप्रति कम संवेदनशील भएको देखाइएको छ।[96] त्यसैले प्राविधिक स्पिलओभरलाई स्वागत गर्ने र स्थानीय उद्योगको संरक्षण गर्ने नीतिबीचको सन्तुलन मिलाउन साना उद्योगभित्रका चुनिएका क्षेत्रहरूमा लगाइएका प्रतिबन्धहरूलाई क्रमशः खुकुलो बनाउनु ती क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउने थप प्रभावकारी तरिका हुन सक्छ।

# अनुसूची

## अनुसुची १

**फिट्टाले विदेशी लगानी मान्ने गतिविधिहरू:**

क) विदेशी मुद्रामा सेयरमा गरिएको लगानी,
ख) विदेशी मुद्रा वा सेयरबाट कमाएको नाफाको पुन: लगानी;
(ग) एयरलाइन्स, पानीजहाज, मेशिनरीको लिजमार्फत लगानी;
(घ) भेन्चर क्यापिटल फन्डमा लगानी;
(ङ) सेयरको दोस्रो बजारमा लगानी;
(च) विदेशी सेयर बजारमा धितोपत्र जारी गरी गरिने लगानी;
(छ) नेपालमा स्थापना भएको कम्पनीको सेयर वा सम्पत्ति खरिद गरी गरेको लगानी;
(ज) प्रविधि हस्तान्तरण (विदेशी बौद्धिक सम्पत्तिको इजाजतपत्र, फ्रेन्चाइजी, व्यवस्थापन, प्राविधिक र मार्केटिङ सेवाहरू); र
(झ) नेपालमा उद्योगको स्थापना र विस्तारद्वारा गरिएको लगानी ।

## अनुसुची २

प्रत्येक विदेशी लगानी प्रकारका लागि स्वीकृति दिने निकाय[९८]

| विदेश लगानीको प्रकार | स्वीकृत गर्ने निकाय |
|---|---|
| सेयर लगानी | उद्योग विभाग, नेपाल राष्ट्र बैंक |
| लिज लगानी | उद्योग विभाग, नेपाल राष्ट्र बैंक |
| भेन्चर क्यापिटल फन्ड | नेपाल धितोपत्र बोर्ड (सेबोन), उद्योग विभाग, नेपाल राष्ट्र बैंक |
| विदेशी मुद्रामा धितोपत्र जारी | उद्योग विभाग, नेपाल राष्ट्र बैंक |
| विदेशी वित्तीय संस्थाबाट लिइने विदेशी ऋण | उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय (सिफारिस), नेपाल राष्ट्र बैंक |
| प्रविधि हस्तान्तरण | उद्योग विभाग, नेपाल राष्ट्र बैंक |

# अनुसुची ३

## हालका सबैभन्दा आकर्षक एफडीआई गन्तव्यको अवस्था

| मुलुक/स्थिति | बंगलादेश | रुवान्डा | भारत | इथियोपिया | कम्बोडिया |
|---|---|---|---|---|---|
| कुल एफडीआई आप्रवाह (सन् २०२२ सम्म) | ४३.४८ अर्ब[९९] | ४०.४० अर्ब[१०१] | ४४९.३ अर्ब[१०४] | ४३.६६ अर्ब[१०६] | ४३.४७ अर्ब[१०८] |
| दर्ता प्रक्रिया | विदेशी लगानीकर्ताहरूका लागि बंगलादेशको लगानी प्रक्रियामा तीन महत्वपूर्ण चरणहरू समावेश छन् । सर्वप्रथम, कम्पनीले रजिस्ट्रार अफ ज्वाइन्ट स्टक कम्पनीज एन्ड फर्म्स (आरजेएससी) मा दर्ता गर्नुपर्छ र नेसनल बोर्ड अफ रेभेन्यु (एनबीआर) बाट ट्याक्स आइडेन्टिफिकेसन नम्बर (टीआईएन) प्राप्त गर्नुपर्छ ।<br><br>दोस्रो, क्षेत्रगत रूपमा बंगलादेश इन्भेस्टमेन्ट डेभलपमेन्ट अथोरिटी (बीआईडीए), बंगलादेश बैंक वा लगानी बोर्ड (बीओआई) जस्ता निकायबाट थप इजाजतपत्र वा अनुमति लिनुपर्ने हुन सक्छ ।<br><br>अन्त्यमा, तोकिएको सीमा नाघेको लगानीका लागि सरकार को स्वीकृति आवश्यक हुन्छ । बीआईडीएले म्यानुफ्याक्चरिङमा ५० लाख अमेरिकी डलरभन्दा बढीको लगानीको निरीक्षण गर्दछ भने बीओआईले सेवा क्षेत्रमा २० लाख डलरभन्दा बढीको लगानी स्वीकृति दिने कार्य गर्छ । यो संरचित प्रक्रियाले कानुनको अनुपालन सुनिश्चित गर्दछ र बंगलादेशी बजारमा विदेशी लगानीकर्ताहरूको प्रवेशलाई सहज बनाउँछ ।[१००] | रुवान्डा डेभलपमेन्ट बोर्ड (आरडीबी) ले रुवान्डामा लगानीका लागि एकद्वार केन्द्रका रूपमा काम गर्दछ भने इन्भेस्टमेन्ट कोड २०१५ त्यहाँको आधारभूत लगानी कानुन हो । त्यहाँ लगानी र कमको आप्रवाहमा कुनै सीमा छैन । तर सम्भावित सम्पत्ति शुद्धीकरणको जोखिम कम गर्न १० हजार डलरभन्दा माथिको रकम ट्रान्सफरबारे स्थानीय बैंकले नेसनल बैंक अफ रुवान्डा (एनबीआर) लाई जानकारी गराउनुपर्छ ।[१०२] परियोजनाको वातावरणीय प्रभाव मूल्यांकनसँगै लगानी दर्ताको आवेदन अनलाइनमार्फत पेस गरिन्छ । त्यसपछि आरडीबीलाई सम्बोधन गरेर एक पत्र लेखिन्छ, जसमा व्यापार योजना र आवश्यक कागजात समावेश हुन्छन् । गुणस्तरीय रोजगारी सिर्जना, सीप र प्रविधि हस्तान्तरण, स्थानीय कच्चापदार्थको प्रयोग, निकासी सम्भावना, ब्याकवर्ड र फर्वर्ड लिंकेज र इनोभेसन जस्ता गैरव्यापार मापदण्डका आधारमा लगानीकर्ताहरूको मूल्यांकन हुन्छ । स्वीकृति दिएपछि प्रत्येक आयोजनामा आरडीबीबाट एक जना फोकल पर्सन खटाइन्छ । यदि सबै कागजात व्यवस्थित रूपमा पेस गरिएको छ भने आरडीबीले दुई कार्य दिनमा लगानी दर्ताको प्रमाणपत्र जारी गर्दछ ।[१०३] | आवेदन प्रस्ताव र सहायक कागजातहरू फरेन इन्भेस्टमेन्ट फेसिलिटेसन पोर्टलमा पेस गरेपछि प्रक्रिया सुरु हुन्छ र उद्योग तथा आन्तरिक व्यापार प्रवर्द्धन विभाग (डीपीआईआईटी) ले स्वीकृतिका लागि आन्तरिक प्रक्रिया थाल्छ । डीपीआईआईटीले प्रस्तावसँग सम्बन्धित मन्त्रालय/विभागको पहिचान गरी दस्तावेजहरू दुई दिनभित्र त्यहाँ पठाउँछ र विदेशी विनिमय व्यवस्थापन ऐन (एफईएमए) को अनुपालनाबारे टिप्पणीका लागि रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) मा पनि पेस गर्छ । पाकिस्तान र बंगलादेशबाट आएका प्रस्तावहरूमा भने गृह मन्त्रालयको पनि अनुमति चाहिन्छ । डीपीआईआईटी र आवश्यकताअनुसार गृह मन्त्रालयले ती प्रस्तावमा तोकिएको समयावधिभित्र आफ्नो टिप्पणी दिइसक्नुपर्छ । ५० अर्ब भारतीय रुपैयाँभन्दा बढीका प्रस्तावका लागि मन्त्रिपरिषद्को आर्थिक मामिला समितिको स्वीकृति आवश्यक हुन्छ । आवेदन प्रक्रियामा आवश्यक सबै कागजात सही रूपमा पेस गरिएको भए सबै आवश्यक चरण पूरा भएपछि अन्तिम अनुमति प्राप्त गर्न आठ देखि १० सातासम्म लाग्छ ।[१०५] | लगानीकर्ताहरूले इथियोपियन लगानी आयोग (ईआईसी) मा आवश्यक कागजात पेस गरी लगानी अनुमतिका लागि आवेदन दिनुपर्छ । परियोजनाहरूले निम्न पुँजीगत आवश्यकता पूरा गर्नुपर्छ–<br><br>एकल लगानीका लागि २ लाख अमेरिकी डलर, स्वदेशी र विदेशी लगानीकर्ता मिलेर गरिने प्राप्तिका लागि १ लाख ५० हजार डलर र वास्तुकला तथा इन्जिनियरिङसम्बन्धी कार्यमा १ लाख डलर ।[१०७]<br><br>धेरै सार्वजनिक निकाय संलग्न हुने भएकाले त्यहाँको प्रारम्भिक प्रशासनिक प्रक्रिया लामो हुन्छ । हिलेकाहीँ आवश्यकता अनुसारका सरकारी अधिकारी उपस्थित हुँदैनन् वा उनीहरूसँग नियम र प्रक्रियाबारे पर्याप्त र भरपर्दो ज्ञान हुँदैन, जसले गर्दा विवादास्पद निर्देशन दिइन्छ र लगानीकर्ताको समय खेर जान्छ । ऐन र नियममा बारम्बार भइरहने परिवर्तनले समस्यालाई अझै जटिल बनाउँछ । | कम्बोडियामा एफडीआई दर्ता प्रक्रियामा तीन ओटा वर्ग समावेश हुन्छन्– लगानी प्रोत्साहनका लागि उपयुक्त योग्य लगानी परियोजना (क्यूआईपी), विस्तारित योग्य लगानी परियोजना (ईक्यूआईपी) र कर प्रोत्सानका लागि योग्य नभएको ग्यारेन्टिड लगानी परियोजना (जीआईपी) । भर्खरै सुरु गरिएको वन-स्टप अनलाइन पोर्टलले लगानीकर्ताहरूलाई कुशल रूपमा परियो जना दर्ता गर्न सहयोग गर्छ । सम्बन्धित मन्त्रालयहरूले २० कार्य दिनभित्र आवेदन समीक्षा गरी निर्णय गर्नुपर्छ । यस व्यवस्थालाई कानुनी रूप नै दिइएको छ ।<br><br>सबै आवश्यक अनुमति र आवश्यकता पूरा गरे दर्ता प्रमाणपत्र प्राप्त गरेपछि विदेशी लगानीकर्ताहरू परियोजना कार्यान्वयनमा अगाडि बढ्न सक्छन् । यो सरलीकृत र द्रुत दर्ताको प्रणालीका माध्यमबाट कम्बोडियाले अन्तर्राष्ट्रिय उद्यमीहरूका लागि व्यवसायमैत्री वातावरणलाई बढावा दिने एवम् विदेशी लगानी आकर्षित र सहजीकरण गर्ने उद्देश्य लिएको छ ।[१०९] |
| श्रम उत्पादकत्व (सन् २०२२ का अनुसार)[११०] | ६.३८ डलर प्रतिघण्टा | २.८६ डलर प्रतिघण्टा | ८.४७ डलर प्रतिघण्टा | ३.४८ डलर प्रतिघण्टा | ३.३४ डलर प्रतिघण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **रकम फिर्ता प्रक्रिया** | गैरआवासीय सेयरधनीहरूका अधिकृत डिलरहरूले अन्तिम र अन्तरिम लाभांश आम्दानी रेमिट्यान्स गर्न सक्छन् । यो प्रक्रिया सुरु गर्न सेयरधनीहरूले लेखापरीक्षकले प्रमाणित गरेको निश्चित फाराम भरी निवेदन दिनुपर्छ । जुलाई २०२० मा बंगलादेश बैंकद्वारा जारी सर्कुलर नम्बर २९ अनुसार<br><br>गैरआवासीय सेयरधनीले विदेशी मुद्रा खातामा रेमिटेबल लाभांश जम्मा गर्नुपर्छ । साथै बंगलादेशमा सञ्चालित विदेशी कम्पनी तथा बैंकिङ र बिमा कम्पनीहरूका शाखाले करपछिको नाफा आधिकारिक डिलरमार्फत आफ्नो मुख्यालयमा पठाउन सक्छन् ।[१११] | रुवान्डा लगानी संहिताको धारा ८ ले रुवान्डामा कर दायित्व पूरा गरेपछि लगानीकर्तालाई पुँजी, व्यापार र त्यससम्बन्धी गतिविधिबाट प्राप्त भएको नाफा, ऋण तथा विदेशी ऋणको ब्याज, व्यवसायको खारेजी वा लगानीको समापनबाट प्राप्त हुने रकम र लगानीकर्ताको अन्य सम्पत्ति फिर्ता गर्न अनुमति दिने व्यवस्था गरेको छ ।[११२]<br><br>निर्यात आम्दानीको बहिर्गमनमा भने केही प्रतिबन्ध लगाइएको छ । कम्पनीहरूले सामान्यतया वस्तुले सीमा पार गरेको तीन महिनाभित्र निर्यात आम्दानी फिर्ता गर्नुपर्छ । चिया निर्यातकर्ताहरूले मोम्बासा, केन्यामा लिलामी गरेको केही समयपछि नै बिक्रीको रकम जम्मा गर्नुपर्छ ।<br><br>वाणिज्य बैंकहरूमा जम्मा गरिएको फिर्तायोग्य निर्यात आम्दानी भने निर्यातकर्ताले सीमा पार गर्दा प्रयोग गरेको घोषणासँग ठ्याक्कै मेल खानुपर्छ ।[११३] | विदेशी लगानी सामान्यतया फिर्ता लैजान सकिन्छ । यसको अर्थ आवश्यक करहरू कट्टी गरेर लगानीको रकम लगानीकर्ताको गृह देशमा फिर्ता लैजान सकिन्छ । यद्यपि त्यहाँ अपवाद पनि छन्– फिर्ता नहुने सर्तमा लगानी गरिएको छ भने वा क्षेत्रगत सर्तहरूले स्पष्ट रूपमा लगानी फिर्ता नहुने कुरा उल्लेख गरेका छन् भने लगानी फिर्ता हुँदैन । विदेशी लगानीबाट प्राप्त लाभांश वा नाफाको हकमा भने कर कटौतीपछि तिनलाई हालको आय मानिन्छ । त्यस्ता कारोबार गर्न अनुमति पाएको बैंकमार्फत सो आम्दानी भारतबाहिर पठाउन सकिन्छ । | लाभांश र नाफाको पुनः लगानीका लागि कुनै पुँजीको आवश्यकता छैन । स्थायी प्रतिष्ठानमार्फत व्यवसाय सञ्चालन गर्ने गैरआवासीय कम्पनीले इथियोपियाबाट फिर्ता गरेको कुनै पनि नाफामा १०% कर लाग्छ ।[११४] | विदेशी लगानीकर्ताले आफू स्वदेश फर्किन वा व्यवसायबाट बाहिर निस्किएका लागि कुनै उल्लेख्य अड्चन भोग्नुपर्दैन । आफ्नो निर्णयपछाडिका कारण खुलाएर एवम् आफैंले वा आफ्नो प्रोक्सीले हस्ताक्षर गरेको पत्र कम्बोडिया विकास काउन्सिल (सीडीसी) लाई र जिस्टर्ड गरेर वा स्वयम्ले बुझाएर लगानीकर्ताले औपचारिक रूपमै कम्बोडियामा व्यावसायिक गतिविधि समाप्त गर्न सक्छन् । आधिकारिक रूपमा उद्यम विघटनको अनुमति पाउनासाथ लगानीकर्ताले बाँकी सम्पत्ति विदेशमा स्थानान्तरण गर्न वा कम्बोडियाभित्रै अन्यत्र प्रयोग गर्न सक्छ । तर विघटन गरिने कम्पनीमा पाँच वर्षभन्दा कम समयदेखि भन्सार छुटमा आयात गरिएको मेसिन तथा उपकरण प्रयोग गरेको खण्डमा त्यस्तो सम्पत्तिमा लाग्ने महसुल तिर्नुपर्नेछ ।<br><br>यो पारदर्शी र सहज प्रक्रियाले कम्बोडियामा लगानी बाहिर निकाल्ने स्पष्ट खाका प्रदान गरी विदेशी लगानीकर्तालाई प्रोत्साहित गरेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| **ग्रिनफिल्ड लगानीको अवस्था** | सन् २०२२ मा बंगलादेशको ग्रिनफिल्ड लगानीमा गत वर्षको तुलनामा ५९ प्रतिशतले कमी आई ३७ करोड ६० लाख डलरमा झरेको छ । देशमा विद्यमान ऊर्जा संकट, अस्थीर विनिमय दर र कच्चापदार्थको आयातमा लगाइएको प्रतिबन्धका कारण उत्पन्न अनिश्चिततालगायत चुनौतीका कारण यस्तो गिरावट आएको हो । यी कारकहरूको सञ्चयी प्रभावका कारण सम्भावित लगानीकर्ताले आफ्नो लगानीको निर्णय स्थगित गर्न पुगे, जसका कारण ग्रिनफिल्ड लगानीमा कमी हुन पुग्यो ।[११६] | रुवान्डामा ग्रिनफिल्ड लगानी बढ्दै छ । त्यहाँ सन् २०२१ मा ग्रिनफिल्ड लगानीको संख्या पाँचबाट दोब्बर भएर १० पुगेको छ ।[११७] रुवान्डाको म्यानुफ्याक्चरिङ एन्ड बिल्डिङ टू रिकभर प्रोग्राम (एमबीआरपी)[११८] ले कुल निर्माण मूल्य १० लाख डलर वा सो भन्दा बढी भएको ग्रिनफिल्ड लगानीलाई प्रोत्साहन गरेको छ । त्यसैगरी कुल निर्माण मूल्य १० लाख डलर वा कुल लगानीको २० प्रतिशत भएका भएका ब्राउनफिल्ड लगानी पनि त्यस्तो प्रोत्साहनका लागि योग्य हुन्छन् । | सन् २०२२ मा नयाँ परियोजनाहरूमा सबै भन्दा बढी प्रत्यक्ष विदेशी लगानी (एफडीआई) प्राप्त गर्ने मुलुकको सूचीमा भारत विश्वकै तेस्रो स्थानमा छ ।[११९] यसले उसको ग्रिनफिल्ड स्थिति प्रदर्शित गर्छ ।<br><br>सरकारले विदेशी लगानी आकर्षित गर्न पीएलआई प्रोत्साहन योजना, कर्पोरेट करको दर घटाउने र डेडिकेटेड पूर्वाधार निर्माण गर्ने जस्ता उपायलाई प्राथमिकतासाथ लागु गरेको छ । यी पहलहरूले ग्रिनफिल्ड परियोजनामा भारत सरकारको सकारात्मक धारणा रहेको देखाउँछन्, जसले भारतमा त्यस्ता परियोजना स्थापना गर्न सजिलो बनाएको छ । सरकारले उपलब्ध गराएको सुविधा र लचकताले नयाँ उद्यमहरू स्थापना गर्न अनुकूल वातावरण सिर्जना गर्दै विदेशी लगानीकर्तालाई लगानी गन्तव्यका लागि भारत रोज्न प्रोत्साहित गरेको छ ।[१२०] | इथियोपियाली लगानी आयोगले विदेशी लगानीकर्ता(हरू)ले गरेको ग्रिनफिल्ड लगानी र विदेशी लगानीकर्ता(हरू) र स्थानीय लगानीकर्ता(हरू) बीच गरिएको संयुक्त लगानीका लागि इजाजतपत्र जारी गर्छ । कोभिड-१९ महामारीअघि इथियोपियाको इनबाउन्ड ग्रिनफिल्ड लगानी कीर्तिमानी रूपमा बढेको थियो ।<br><br>सन् २०१८ मा इथियोपियाले कीर्तिमानी ६.५ अर्ब डलर इनबाउन्ड ग्रिनफिल्ड लगानी आकर्षित गऱ्यो, जुन सन् २००३ मा यो अभियान सुरु भएयताकै उच्च हो ।[१२१] यो लगानी २९ ग्रिनफिल्ड परियोजनामा विस्तार भएको थियो ।[१२२] | कम्बोडियाको ग्रिनफिल्ड लगानीको स्थिति उल्लेखनीय रूपमा बलियो थियो । जीडीपीको अनुपातमा विदेशी लगानी अनुमान गरिएको भन्दा तीन गुणाले बढेर कम्बोडियाले ३.२६ को अंक प्राप्त गरेबाट पनि उसको सबलता प्रस्ट हुन्छ । यो असाधारण कार्यसम्पादनले कम्बोडियामा गजबको व्यावसायिक वातावरण छ र सो मुलुक पर्याप्त मात्रामा एफडीआई आकर्षित गर्न सक्षम छ भन्ने देखाउँछ ।<br><br>एफडीआईमा एसिया-प्रशान्त क्षेत्रमा तेस्रो वरीयतामा रहनुको साथै सन् २०२१ मा १५ ओटा परियोजनमा एफडीआई सुरक्षित गरेर कम्बोडियाले विदेशी लगानीकर्ताको उच्च रुचि र विश्वास आर्जन गर्दै आफ्नो स्तरभन्दा माथिको क्षमता प्रदर्शन गरेको छ ।[१२३] |

# सन्दर्भ टिप्पणी

[1] Setopati. “Foreign investment witnessing improvement”. 2023. Retrieved from:https://www.setopati.com/kinmel/economy/316112

[2] National Planning Commission. “Sixth Five Year Plan”. 1980.Retrieved from:https://www.npc.gov.np/images/category/sixth_eng.pdf

[3] The South East Asian Central Banks (SEACEN) Research and Training Centre. “Capital flows and their implication for Central Bank policies in Nepal.” 2009. Retrieved from: https://www.seacen.org/publications/RePEc/702001-100166-PDF.pdf

[4] Nepal Law Commission. “The Foreign Investment and Technology Transfer Act, 1992.” 1992.

[5] Nepal Law Commission. “The Foreign Investment and Technology Transfer Act, 2019 (2075).” 2019. Retrieved from https://www.lawcommission.gov.np/en/wp-content/uploads/2019/09/The-Foreign-Investment-and-

Technology-Transfer-Act-2019-2075.pdf

[6] Pant, Acharya & Kattel “Foreign Direct Investment in Nepal: Perspectives of Primary Agricultural Stakeholders”. Policy Research Institute. 2022.

[7] Feldstein, Aspects of Global Economic Integration: Outlook for the Future. National Bureau of Economic Research. Cambridge, Massachusetts, 2000.

[8] OECD “Foreign Direct Investment for Development: Maximising benefits, minimising costs” 2002.

[9] Investment Board Nepal. Retrieved from: https://ibn.gov.np/ibn-faq/details/what-are-the-corporate-income-tax-rates-in-nepal- 8691#:~:text=Corporate%20tax%20rates%20in%20Nepal,the%20petroleum%20business%20is%2030%25.

[10] Embassy of Nepal. “Investment of Nepal”. Retrieved from: https://cn.nepalembassy.gov.np/investment-in-nepal/

[11] ADB South Asia Working Paper Series. “Hydropower development and economic growth in Nepal”. 2020

[12] New Business Age. “Medical Tourism: An untapped opportunity for Nepal”. 2022. Retrieved from: https://www.newbusinessage.com/MagazineArticles/view/3343

[13] NRB, A Survey Report on Foreign Direct Investment in Nepal.

[14] Nepal Law Commission. “The Foreign Investment and Technology Transfer Act, 2019 (2075).” 2019.

[15] Investment Board Nepal. “Nepal Investment Guide 2021”. 2021. Retrieved from: https://ibn.gov.np/uploads/documents/nepal-investment-guidepdf-1483-845-1657610856.pdf

[16] Imperial Law Associates. “Procedure of Foreign Direct Investment (FDI) in Nepal.” Retrieved from: https://www.lawimperial.com/procedure-of-foreign-direct-investment-in-nepal/

[17] Nepal Law Commission. “The Foreign Investment and Technology Transfer Act, 2019 (2075).” 2019.

[18] Ibid

[19] UNCTAD Investment Policy Hub. "Opening Agriculture sector for FDI." 2021. Retrieved from: https://investmentpolicy.unctad.org/investment-policy-monitor/measures/3648/nepal-opening-agriculture- sector-for- fdi#:~:text=The%20Ministry%20of%20Industry%2C%20Commerce,in%20primary%20sectors%20of%20agriculture.

[20] Investment Board Nepal. "IBN Dispatch." 2017. Retrieved from: https://ibn.gov.np/uploads/documents/ibn- dispatch-21pdf-2085-978-1659349199.pdf

[21] New Business Age. "A year after the Nepal investment summit." 2020. Retrieved from:https://www.newbusinessage.com/MagazineArticles/view/2585

[22] Nepal Law Commission. "The Foreign Investment and Technology Transfer Act, 2019 (2075)." 2019.

[23] My República. "Govt Starts Approval of FDI Up to Rs 500 million Through Fast Track." 2023. Retrieved from: https://myrepublica.nagariknetwork.com/news/govt-starts-approval-of-fdi-up-to-rs-500-million-through- fast- track/#:~:text=KATHMANDU%2C%20Oct%205%3A%20The%20government,automated%20routes%20for%20the%2 0process.

[24] OnlineKhabar English News. "Govt Introduces Automated System for Foreign Investment Approvals Up to Rs 500 million." 2023. Retrieved from: https://english.onlinekhabar.com/automatic-foreign-investment-nepal.html

[25] Department of Industry. "Foreign Investment in Nepal: A Synopsis 2022". 2022.

[26] Special Economic Zone Authority, Nepal. "Special Economic Zone Act: First Amendment, 2075".

[27] Ibid

[28] Ibid

[29] Ibid

[30] MyRepublica. "Two decades on, SEZ fails to impress investors". 2019. Retrieved from: https://myrepublica.nagariknetwork.com/news/two-decades-on-sez-fails-to-impress-investors/#:~:text=BHAIRAHAWA%2C%20Dec%207%3A%20The%20government,are%20yet%20to%20be%20impre ssed.

[31] The Kathmandu Post, Six years on, Nepal's first economic zone struggles to find investors, 2020. Retrieved from: https://kathmandupost.com/29/2020/01/09/six-years-on-nepal-s-first-economic-zone-struggles-to- find-investors

[32] Ministry of Finance. "Budget Speech 2023-24"

[33] The first person to register a brand obtains the rights regardless of creation or use by a different business owner.

[34] World Intellectual Property Organization (WIPO) (2023). Global Innovation Index 2023: Innovation in the face of uncertainty. Geneva: WIPO. DOI:10.34667/tind.48220

[35] DOI, National Intellectual Property Policy, 2017

[36] New Business Age, 2022, IPR Frustration Retrieved from:www.newbusinessage.com/MagazineArticles/view/3197

[37] Ministry of Industry, Commerce and Supplies. "Trade Logistics Policy". 2079.

[38] Ibid

[39] Nepal Rastra Bank. "NRB Foreign Investment and Loan Management Bylaw, 2078"

[40] Ibid

[41] Anecdotal Evidence from KI

[42] The Kathmandu Post. "Government makes more promises to help start-ups". Retrieved from: https://kathmandupost.com/money/2023/08/28/government-makes-more-promises-to-help-start-ups

[43] Ministry of Finance. "Budget Speech of Fiscal Year 2020/21".

[44] My Republica. "Restriction on Contract Manufacturing Draws Flak." 2019. Retrieved from: https://myrepublica.nagariknetwork.com/news/restriction-on-contract-manufacturing-draws-flak/#:~:text=%E2%80%9CThe%20industries%20with%20foreign%20investment,the%20parliament%20meeting%20 on%20Monday.

[45] "Cases of Violation of Intellectual Property Rights on the Rise." My Republica. Last modified June 6, 2023.Retrieved from: https://myrepublica.nagariknetwork.com/news/cases-of-violation-of-intellectual-property- rights-on-the-rise/

[46] The Farsight. "Why are there a few patents in Nepal?" Retrieved from: https://farsightnepal.com/news/53#:~:text=By%20Karan%20Poudel%20%7C%20April%2025,than%2030%2C000

%20patents%2C%20in%202019.

[47] The HRM, Dangote's Departure from Nepal - A tale of Negligence and Mishandling of FDI

[48] Ibid

[49] The Kathmandu Post. "Corruption Blamed for Plunge in Foreign Investments in Nepal." 2023. Retrieved from: https://kathmandupost.com/money/2023/08/21/corruption-blamed-for-plunge-in-foreign-investments-in- nepal

[50] Anecdotal evidence from KII.

[51] Anecdotal evidence from KII.

[52] World Integrated Trade Solution 2023, Customs and Import duties % of Tax

[53] World Bank, Tariff rate, applied, weighted mean, all products (%)

[54] CEIC, Nepal Labour Productivity Growth 2023

[55] ILOSTAT "Statistics on Labour Productivity" 2021

[56] WDL is the number of days a worker is absent from the workplace that they would have been in work under normal circumstances

[57] Nepal: Selected Issues", IMF Staff Country Reports 2020, 097 (2020), A002,

[58] Poudyal, Ramhari, Pavel Loskot, Rabindra Nepal, Ranjan Parajuli, and Shree Krishna Khadka. "Mitigating the current energy crisis in Nepal with renewable energy sources." Renewable and Sustainable Energy Reviews 116 (2019): 109388.

[59] UNCTAD, Technology and Innovation Report 2023

[60] Nepal Economic Forum, 2022 Barriers to Local Digital Innovation in Nepal, retrieved from:https://nepaleconomicforum.org/barriers-to-local-digital-innovation-in-nepal/

[61] Effah, J. and Nuhu, H. (2017), Institutional Barriers to Digitalization of Government Budgeting in Developing Countries: A Case Study of Ghana. The Electronic Journal of Information Systems in Developing Countries, 82: 1- 17. https://doi.org/10.1002/j.1681-4835.2017.tb00605.x

[62] Embassy of India. "Commerce Wing Brief". Retrieved from: https://www.indembkathmandu.gov.in/page/about-trade-and- commerce/#:~:text=The%20revised%20Trade%20Treaty%2C%20valid,access%20to%20the%20Indian%20market.

[63] The Kathmandu Post. "Nepal loses on auto-renewal of trade treaty with India". Retrieved from: https://kathmandupost.com/money/2023/12/07/nepal-loses-on-auto-renewal-of-trade-treaty-with-india

[64] Ibid

[65] UNCTAD Investment Policy Hub. "Opening Agriculture sector for FDI." 2021. Retrieved from: https://investmentpolicy.unctad.org/investment-policy-monitor/measures/3648/nepal-opening-agriculture- sector-for- fdi#:~:text=The%20Ministry%20of%20Industry%2C%20Commerce,in%20primary%20sectors%20of%20agriculture.

[66] Neeraj Bhagat & Co. "Prohibited sectors". Retrieved from: https://neerajbhagat.com/fdi-prohibited-sectors/

[67] Online Khabar. "New fiscal year brings the implementation of updated tax laws". Retrieved from:https://english.onlinekhabar.com/new-tax-law-nepal-2023.html

[68] UNCTAD, 2015 Investment Policy Framework for Sustainable Development

[69] Anecdotal evidence from KII

[70] UNCTAD, 2017, Global Action Menu for Investment Facilitation

[71] Foreigners, Non-resident Nepalis, Domestic Investors, Regulatory bodies and Line Ministries.

[72] Anecdotal Evidence from KII

[73] Li, Mingquan, and Qi Wang. "Will technology advances alleviate climate change? Dual effects of technology change on aggregate carbon dioxide emissions." Energy for Sustainable Development 41 2017: 61-68.

[74] Mol, A.P.J, G Spaargaren, and D.A Sonnenfeld. "Ecological Modernization Theory: Taking Stock, Moving Forward." In Routledge International Handbook of Social and Environmental Change, 31–46. Routledge, 2013.

[75] Partnership for Action on Green Economy

[76] Musah, Alhassan, and Ibrahim Nandom Yakubu. "Exploring industrialization and environmental sustainability dynamics in Ghana: a fully modified least squares approach." Technological Sustainability 2, no. 2 (2022): 142- 155.

[77] Fan, Emma Xiaoqin. 2003. "Technological Spillovers from Foreign Direct Investment - A Survey." Asian

Development Review 20 (1): 34–56. https://doi.org/10.1142/S0116110503000022.

[78] UNCTAD, Technology and Innovation Report 2023

[79] BIDA, 2021 What are the priority or thrust sectors for investments in Bangladesh?

[80] Nepal Law Commission. "The Foreign Investment and Technology Transfer Act, 2019 (2075)." 2019.

[81] Nepal Economic Forum Key highlights of Budget 2022-23

[82] Kim, Dongin, and Sandro Steinbach. "The Impact of Rising Protectionism on Foreign Direct Investment inAgriculture." (2020).

[83] Central Bureau of Statistics Report 2019, Nepal Labour Force Survey 2017/18.

[84] Central Bureau of Statistics GDP 2022

[85] A pick-and-shovel play is an investment strategy that invests in the underlying technology needed to produce a good or service instead of in the final output.

[86] Nepal Budget Statement Highlights 2023-24

[87] Investment Board Nepal. "Nepal Investment Guide 2021." 2021.

[88] Anecdotal evidence form KII

[89] Nepal Economic Forum, 2022. "Relevance of Sovereign Credit Rating in Nepal"

[90] Imperial Law. "FITTA 2019". Retrieved from: www.lawimperial.com/foreign-investment-and-technology- transfer-act-nepal/

[91] Pioneer Law, Retrieved from: https://pioneerlaw.com/resource/foreign-investment-and-transfer-of-technology-act-2019

[92] The Business Standard. "Bangladesh received 2nd highest FDI in its history in 2022: Unctad". Retrieved from: https://www.tbsnews.net/economy/bangladeshs-investment-flows-decline-sharply-2022-unctad-596462

[93] World Bank, 2022 Foreign direct investment, net inflows,

[94] UNCTAD. "World Investment Report 2023". Retrieved from: https://unctad.org/system/files/official-document/wir2023_en.pdf

[95] World Bank, 2022 Foreign direct investment, net inflows,

[96] Ibid

[97] Bangladesh Investment Development Authority. "FAQ, Trade License/ Company Incorporation" Retrieved from: https://bida.gov.bd/details/how-foreign-investors-can-incorporate-company-bangladesh

[98] THE RWANDA DEVELOPMENT BOARD (R.D.B) 2022, procedures for obtaining investment registration in Rwanda. Retrieved from: https://rdb.rw/wp-content/uploads/2022/10/requirements-for-Investment-

Registration.pdf

[99] Ibid

[100] Make in India. “Foreign Direct Investment”. Retrieved from: https://www.makeinindia.com/policy/foreign- direct-investment

[101] An investment guide to Ethiopia, 2023 Retrieved from: https://www.theiguides.org/public- docs/guides/ethiopia

[102] ASEAN Briefing from Dezan Shira Associates. “Cambodia’s Law on Investment: What Foreign Investors Needto Know”. Retrieved from: https://www.aseanbriefing.com/news/cambodias-law-on-investment-what- foreign-investors-need-to-know/

[103] ILOSTAT 2023 ‘statistics on labour productivity’ 2021

[104] Bangladesh Investment Development Authority. “FAQ, Overseas Remittance/ Repatriation”. Retrieved from: https://bida.gov.bd/details/what-procedure-outward-remittances-dividend-profit-etc

[105] RDB, 2015 The Law on Investment Promotion and Facilitation, Retrieved from: https://rdb.rw/wp-content/uploads/publications/Investment%20Promotion%20Law%202015%20(Investment%20code)).pdf

[106] UNCTAD Rwanda Investment Law Navigator, Retrieved from: “https://investmentpolicy.unctad.org/investment-laws/laws/82/rwanda-investment-law”

[107] Company formation Your business, Our experience. “Business registration in India - procedures”. Retrieved from: https://companyformationindia.com/procedures_foreign

[108] KPMG, 2019 Ethiopia Fiscal Guide “https://assets.kpmg.com/content/dam/kpmg/za/pdf/pdf2020/ethiopia-fiscal-guide-2019.pdf”

[109] UNCTAD. “An Investment Guide to Cambodia.” Retrieved from: https://unctad.org/system/files/official-document/iteiia20036_en.pdf

[110] The Business Standard. “Bangladesh receives 2nd highest FDI in its history in 2022: Unctad”. Retrieved from:

https://www.tbsnews.net/economy/bangladeshs-investment-flows-decline-sharply-2022-unctad-596462

[111] Standard Bank, Rwanda: Investing in Rwanda Retrieved from: www.tradeclub.standardbank.com/portal/en/market-potential/rwanda/investment

[112] RDB, Investment Opportunities in Rwanda. Retrieved from: https://rdb.rw/top-investment-opportunities-in- rwanda/

[113] WION. “India emerges as FDI powerhouse secures third highest foreign investment in 2022”. Retrieved from: https://www.wionews.com/business-economy/india-emerges-as-fdi-powerhouse-securing-the-third-highest-foreign-investment-in-2022-612551

[114] ILO Consulting. “Greenfield investment in India”. Retrieved from: https://www.iloconsulting.in/knowledge- center/greenfield-investment-in- india#:~:text=The%20government%20of%20India%20has,the%20government%20for%20greenfield%20projects.

[115] KPMG, 2019 Ethiopia Fiscal Guide “https://assets.kpmg.com/content/dam/kpmg/za/pdf/pdf2020/ethiopia-

fiscal-guide-2019.pdf”

[116] FDI Intelligence, 2019. “Ethiopia opens up the financial sector”. Retrieved from: https://www.fdiintelligence.com/content/news/ethiopia-opens-up-financial-sector-75551

[117] Investment Monitor. “Cambodia punches above its weight in attracting FDI”. Retrieved from: https://www.investmentmonitor.ai/insights/cambodia-punches-above-its-weight-in-attracting-fdi/?cf-view [118 The Business Standard. “Bangladesh receives 2nd highest FDI in its history in 2022: Unctad”. Retrieved from:

https://www.tbsnews.net/economy/bangladeshs-investment-flows-decline-sharply-2022-unctad-596462

[119] JK Associates. “Foreign Direct Investment’’. Retrieved from: https://jkassociates.com.bd/fe/foreign-direct- investment/#:~:text=Set%20Up%20Business%20and%20Obtain,Bangladesh%20Investment%20 Development%20 Authority%20(BIDA)

[120] World Bank, 2022 “Ease of Doing Business rankings”

[121] East African Community, “Rwanda Standard Incentives for Investors”. Retrieved from: https://www.eac.int/investment-climate-and-incentives/investment-incentives/243-sector/investment- promotion-private-sector-development/investment-guide/2475-rwanda-standard-incentives-for-investors

[122] Financial Express. “Why is India an attractive investment destination?” Retrieved from: https://www.financialexpress.com/money/why-is-india-an-attractive-investment-destination- 2810907/#:~:text=Rapid%20 Business%20Reforms&text=As%20a%20result%2C%20the%20development,the%20Ea se%20of%20 Doing%20Business.

[123] Investment Climate Statements: Ethiopia, 2023 US department of State

[124] Investing in Ethiopia a guide for new investors, 2017

[125] Open Development Mekong. “Drivers of Foreign Investment in Cambodia”. Retrieved from: https://opendevelopmentmekong.net/stories/drivers-of-foreign-investment-in-cambodia/

प्रकाशन

नेपाल उद्योग वाणिज्य महासंघ

सहयोग

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO), नेपाल कार्यालय